जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक १७, २०७९ साल भदौ ३१ गते शुक्रबार, नेपाल संवत् ११४२ (Sept. 16, 2022) Website : www .greaternepal .com .np    मूल्य रु. १० ।-

## सार्वजनिक क्षेत्रमा धुम्रपान निषेध

काठमाडौं । काठमाडौं महानगरपालिकाले सार्वजनिक क्षेत्रभित्र असोज १ गतेदेखि धुम्रपान निषेध गरेको छ । महानगरपालिकाले एक सूचना जारी गर्दै असोज १ गतेबाट सार्वजनिक स्थानमा धुमपान गर्न निषेध गरेको जानकारी दिएको हो ।

महानगरले सार्वजनिक सूचनामा भनिएको छ, 'असोज १ गतेबाट सार्वजनिक स्थलमा चुरोट, बिडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका बाँकी ८ पेजमा

## मेयर बालेन विरुद्ध एमाले सडकमा

काठमाडौं । काठमाडौं महानगरपालिकाबाट बिस्तारै बिस्थापित हुदै गएको एमालेले मेयर बालेनविरुद्धको अभियान शुरु गरेको छ । लामो समय महानगरको नेतृत्व गर्दा पनि कुनै गतिलो काम गर्न नसकेको एमालेले अहिले मेयर बालेन विरुद्ध बिस्तारै राजनीति शुरु गरेको छ ।


हाल महानगरले चलाएको डोजर अभियान लगायतका बिषयमा काठमाडौं महानगरले ताली पाउन थालेपछि एमालेको मुटु जलेको आभाष भएको छ । बाँकी ८ पेजमा

# सीमा विवादमा मौनता, भारतको कूटनीतिक बेइमानी

काठमाडौं । नेपाल भारत परराष्ट्र सचिव स्तरीय बैठक गत मंगलबार नयाँदिल्लीमा सम्पन्न भएको छ । परराष्ट्र मन्त्रालयका सचिव भरत पौड्याल र उनका भारतीय समकक्षी विनयमोहन क्वात्राबीच हैदरावाद हाउसमा द्विपक्षीय वार्ता भएको हो । बैठकमा विभिन्न विषयमा छलफल भए पनि नेपालले एजेन्डा बनाएको सीमा विवादका बारेमा भने भारतले कुनै रुचि नदेखाएको बताइन्छ । यसबाट प्रस्ट हुन्छ– भारत कालापानी, लिम्पियाधुरा र लिपुलेक कुनै पनि हालतमा छोड्ने पक्षमा छैन । यसका अतिरिक्त भारतले भन्डै ७३ स्थानमा सीमा अतिक्रमण गरेको छ । यसबारे पनि ऊ नेपालसँग कुराकानी गर्न चाहँदैन । छिमेकलाई पहिलो प्राथमिकता भन्ने मोदी सरकार मौका परे छिमेकलाई नै निल्ने सुरसा मुख बाएर बसेको प्रस्ट छ ।

बैठकमा व्यापार पारवहन, कनेक्टिभिटी, पूर्वाधार, ऊर्जा क्षेत्र, सिंचाइ तथा तटबन्ध, कृषि, लगानी, विकास सहकार्य स्वास्थ्य, संस्कृति जनस्तरीय सम्बन्ध लगायत नेपाल भारत सहयोगका विविध पक्षमा छलफल भएको परराष्ट्र भारत कालापानी, लिम्पियाधुरा र लिपुलेक कुनै पनि हालतमा छोड्ने पक्षमा छैन । यसका अतिरिक्त भारतले भन्डै ७३ स्थानमा सीमा अतिक्रमण गरेको छ । यसबारे पनि ऊ नेपालसँग कुराकानी गर्न चाहँदैन । छिमेकलाई पहिलो प्राथमिकता भन्ने मोदी सरकार मौका परे छिमेकलाई नै निल्ने सुरसा मुख बाएर बसेको प्रस्ट छ ।

बैठकमा व्यापार पारवहन, कनेक्टिभिटी, पूर्वाधार, ऊर्जा क्षेत्र, सिंचाइ तथा तटबन्ध, कृषि, लगानी, विकास सहकार्य स्वास्थ्य, संस्कृति जनस्तरीय सम्बन्ध लगायत नेपाल भारत सहयोगका विविध पक्षमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । रासायनिक मलको आपूर्ति गहुँ, चिनी, धान र चामलको निर्यातमा भारतले लगाएको प्रतिबन्धबारे पनि छलफल भएको थियो । मुख्य विषय सीमा विवादका बारेमा भने भारतीय पक्ष मौन बस्यो । यसको तात्पर्य हो भारत नेपालसँगको सीमा विवादबारेको विषयमा प्रवेश नै गर्न चाहँदैन । नेपालको सार्वभौमिकता



राष्ट्रिय अखण्डता र स्वतन्त्रताको गम्भीर र संवेदनशील मुद्दामा भारतको लापरबाहीले हरेक देशभक्त नेपाली नागरिकलाई आक्रोशित बनाएको छ ।

इतिहास गवाही छ, सन् १८१६ को सुगौली सन्धिअघि नेपालको सीमा पूर्व टिस्टा र पश्चिम काँगडासम्म थियो । उक्त सन्धिले नेपालको सीमा पूर्वमा मेची र पश्चिममा महाकाली किटान गऱ्यो । नेपाल र अंग्रेज भारतबीच पूर्वी क्षेत्रमा युद्ध नै भएको थिएन । दार्जिलिङसम्म नेपालको प्रशासन २७ वर्षसम्म चलेको थियो । युद्ध नै नभएको क्षेत्रका कसरी सीमा साँघुरियो ? प्रस्ट छ, अंग्रेजहरूले जबर्जस्ती मेचीपारिको भूभाग आफ्नो कब्जामा लिए । सो क्षेत्रमा नेपालको हार भएको होइन । हो युद्ध पश्चिम क्षेत्रमा चलेको हो । त्यहाँ नेपाली फौज पराजित भयो र महाकाली पारिको सम्पूर्ण भूभाग नेपालले गुमाउनुपऱ्यो । अहिलेको भारतको उत्तराखण्ड राज्य सुगौली सन्धिअघि नेपालको सरहदभित्रकै भूभाग हो ।

नेपाल–भारत तराई क्षेत्र १५०० किमी लामो छ । भारतले सो क्षेत्रमा ७५००० बढी भारती सीमा सुरक्षा बल (एसएसबी) तैनाथ गरेको छ । कालापानी क्षेत्रमा ५ वटा छुट्टै सैनिक क्याम्प राखेको छ । असमान सन्धि सम्झौताअनुसार नेपालको ३० किमिसम्म भारतीय सैनिक आउन सक्छ । वि.सं. २००८ सालमा मातृकाप्रसाद कोइरालाले यस्तो सन्धि गरेका हुन् । असमान सन्धि सम्झौता सन् १९५०, १९६५ को हतियारसम्बन्धी, १० जुन १९९० को संयुक्त विज्ञप्ति, सुपुर्दगी सन्धि, पारवहन सन्धि, विद्युत बिक्री सम्झौता, महाकाली सन्धि, गण्डक सम्झौता कोसी सम्झौता आदि हुन् । जबसम्म यी सन्धिहरू खारेज गरी समानताका आधारमा दुई देशबीच नयाँ सन्धिहरू गरिँदैनन् भारतले नेपालमाथि भौगोलिक विस्तारवादी नीति अख्तियार गरिरहने घामजत्तिकै छर्लंग छ ।

भारतीय मोदी सरकारले त्यहाँको संविधानको ३७० दफा हटाएर कस्मिरलाई केन्द्रशासित प्रदेश बनाउँदै नेपालको कालापानी क्षेत्रको ३७० वर्गकिलोमिटर भूभाग पनि आफ्नो भएको दाबी गर्दै नयाँ नक्सा जारी गऱ्यो । नेपालले त्यसको विरोध गर्दै कूटनीतिक नोट पठायो र वार्ताका लागि पटक पटक भारतीय पक्षलाई आग्रह गऱ्यो । तर भारतले वेवास्ता मात्र गरेन नेपालको आग्रहलाई बालमतलब नै गरेन । नेपालले पनि कालापानी क्षेत्रलाई समेटेर चुच्चे नक्सा निकाल्यो । भारतले अहिलेसम्म त्यसको विरोध गरिरहेको छ । उसले त यहाँसम्म कि नेपालको संविधानलाई समेत समर्थन गरेको छैन । तर उसले समर्थन नगरे पनि संविधान चलेकै छ । ३ असोजमा सातौं संविधान दिवस नेपालले मनाइरहेको छ ।

भारतले नेपालसँग उसको विस्तारित भूभागको व्यवहार गरिरहेको छ न कि एक सार्वभौम र स्वतन्त्र छिमेकी देशसँगको व्यवहार । भूगोल, जनसंख्या, वित्तीय पहुँच, सैनिक सामरिक शक्तिमा भारत नेपालभन्दा अत्यन्त बलशाली छ । यद्यपि नेपाल भारतभन्दा २२ गुणा सानो र गरिब भए बाँकी ८ पेजमा

## साइकल लेनबारे कहिले सोच्ने ?



काठमाडौं । काठमाडौं महानगरका मेयर बालेन शाहको चर्चा सर्वत्र चुलिएको छ । सामाजिक सञ्जाल बालेनमय भएका छन् । बिना स्वीकृत बनाइएका घर टहरा हटाएर सार्वजनिक जग्गा संरक्षण गर्ने र फुटपाथका पसल हटाएर पैदल यात्रुलाई हिंडडुलमा सहज बनाउने बालेनको अभियानले चर्चा र समर्थन पाइरहेको छ भने वर्षौंदेखि अवैध ढंगले भाडा खान पल्केकाहरूले विरोध गरेका छन् । महानगरले ट्राफिक व्यवस्थापनका लागि भूमिगत तलाहरूमा सञ्चालन गरेको व्यापार व्यवसाय हटाएर खाली गराएको छ । जतिसुकै ठूलो अतिक्रमणकारी भए पनि बालेनको डोजरले भेदभाव गरेको बाँकी ८ पेजमा

## विदेशी ठेकेदार कम्पनीलाई आयकर

काठमाडौं । सरकारले विदेशी निर्माण तथा खरिद (ठेकेदार) कम्पनीका लागि आयकरको दर तोकेको छ । कुल ठेक्का सम्झौता रकमलाई कुल आय मानेर त्यसमा १.५ प्रतिशतका दरले आयकर तिर्नुपर्ने आन्तरिक राजस्व विभागले जनाएको छ ।

अन्तर्राष्ट्रिय कम्पनीको नेपालमा काम गर्न खडा गरिएको निकायलाई स्थायी संस्थापन मानेर सोही कम्पनीलाई १.५ प्रतिशतका दरले आयकर असुल गर्ने निर्णय भएको हो । विभागले हालै यस्तो निर्णय गरेको हो ।

विभागको निर्णय अनुसार मूर्त सम्पत्ति वा संरचनाको आपूर्ति र जडान तथा निर्माण कार्य गर्न छनोट भएको अन्तर्राष्ट्रिय कम्पनीको नेपालमा कार्य सम्पादन गर्न खडा गरिएको निकाय नै आयकर ऐन २०५८ अनुसार स्थायी संस्थापन हुन्छ । त्यस्तो निकायले नेपालमा एउटै बोलपत्र/खरिद सम्झौता मार्फत कुनै आयोजनाका लागि मूर्त सम्पत्ति वा संरचनाको आपूर्ति र जडान तथा निर्माण बाँकी ८ पेजमा

## पेट्रोलियम ढुवानीमा ५ अर्ब बचत

काठमाडौं । तीन वर्षअघि बाराको अमलेखगन्ज-मोतिहारी पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएपछि नेपाल आयल निगमको ढुवानी वापत ५ अर्ब रुपैयाँ बचत भएको छ । अमलेखगन्जस्थित आयल निगमको प्रादेशिक कार्यालयमा आयोजित कार्यक्रममा पाइपलाइन सञ्चालन भएको ३ वर्षमा आयल निगमले ढुवानीवापत ५ अर्ब रुपैयाँ बचत गर्न सफल बनेको जानकारी गराएको हो ।

दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन परियोजनाअन्तर्गत मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन २०७६ भदौ २४ गतेदेखि संचालनमा आएको थियो । पाइपलाइनबाट डिजलमात्रै पछिल्लो ३ वर्षमा २८ लाख ९२ हजार चार सय २९ किलोलिटर डिजल आयात भएको निगमले जनाएको छ । दुई

वर्षभित्र पाइपलाइनबाट डिजलसँगै पेट्रोल र मट्टितेल ल्याउने तयारी गरिरहेको निगमले पाइपलाइनबाट वार्षिक २५ लाख किलोलिटर इन्धन आयात गर्ने क्षमता रहेको जानाएको छ । बाँकी ८ पेजमा

## ३५ अर्ब ऋण स्वीकार गरिने

काठमाडौं । सरकारले विश्व बैंकबाट यातायात तथा व्यापार आवद्धता अभिवृद्धि कार्यक्रमका लागि प्राप्त हुने २७५ मिलियन अमेरिकी डलर (करिब ३५ अर्ब रुपैयाँ) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने लगायत विभिन्न निर्णय गरेको छ ।

भदौ २७ गते बसेको मन्त्रीपरिषद्का निर्णयहरू सुनाउँदै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले यस्तो बताएका हुन् । उनले सरकारले महिला संरक्षण तथा उत्थान प्रणाली सुदृढीकरण परियोजनाको लागि एशियाली विकास बैंकबाट प्राप्त हुने १२ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्न वार्ता टोली गठन गर्ने निर्णय गरेको पनि बताए ।

## घिउको मूल्यमा मनपरी
### वाणिज्य विभाग कुम्भकर्ण निद्रामा

प्रदीप प्रसाई

काठमाडौं । दशैं तिहार नजिकिँदै गर्दा विभिन्न प्रकारका घिउ उत्पादक तथा वितरकहरूले मनपरी मूल्यमा घिउ बिक्री गर्न थालेपछि नेपाली उपभोक्ताहरू ठगीमा परेको महसुस गर्न थालेका छन् ।

अहिले नेपाली बजारमा विभिन्न आकर्षक ब्रान्ड राखेर भारतीय घिउहरू ठूलो परिमाणमा बिक्री भइरहेको छ । ड्रममा भरेर ल्याइएको भारतीय घिउलाई प्लास्टिकका बट्टामा हालेर आकर्षक लेबल लगाई प्रचलित बजारमूल्यभन्दा ५० प्रतिशतसम्म बढी मूल्य राखी त्यस्ता घिउहरू बजारका ठूलठूला पसल, मल, डिपार्टमेन्ट स्टोर तथा अनलाइन सपिङमार्फत बिक्री वितरण भइरहँदा पनि वाणिज्य विभागका अधिकारीहरू त्यस्ता घिउ वितरकप्रति मौन रहेका छन् । अहिले बजारमा औसत नेपाली




गुणस्तरीय घिउको मूल्य ११ सयदेखि १२ सयसम्म रहेकोमा विदेशी घिउका नाममा कमसल घिउ प्रतिकेजी १७५० सम्ममा बिक्री भइरहेको छ । दराज कमले जुआस ग्रास फेड घि अर्थात् घाँस खुवाएको गाईको दूधबाट बनाएको घिउका नाममा उपभोक्ता ठग्दै यस्तो अचाक्कली महँगो मूल्यमा घिउ बेचिरहेको छ ।

यसैगरी कलश प्योर काउ घि भनी आधा लिटरकै ७०३ रुपैयाँमा बजारमा बिक्री भइरहेको छ । कोशेली अर्गानिक घि नाम दिएर ३५० एमएल घिउको मूल्य ७९० राखेर बिक्री गरिँदा पनि वाणिज्य विभागले थाहा नपाएजस्तो गर्नु स्वयंमा आश्चर्यको विषय बनेको छ । आजु फुड्स नाम दिइएको लोकल भैंसीको घिउको नाममा प्रतिमाना (अन्दाजी ४३६ ग्राम) घिउ रु.२००० मा बिक्री वितरण गरिँदा पनि विभाग मौन रहेको छ ।

काठमाडौं ६ सरस्वतीनगरमा महाँकाल ओरालोमा रहेको सरस्वती डेरीले डीडीसीबाट उत्पादन हुने घिउका प्याकेट किनी फुटाएर आफ्नो ब्रान्डमा भरी दैनिक सयौं लिटर घिउ रु. १३०० प्रतिलिटरका दरले घिउ बेचिरहेको सरस्वती नगरका स्थानीयहरू बताउँछन् । यसैगरी ब्रिटानिया घिउ नामक टिनका बट्टा बन्द घिउ पनि प्रतिलिटर १४७५ मा बिक्री भइरहेको छ ।

## पाकिस्तानी अम्पायर रहेनन्



काठमाडौं । पाकिस्तानका पूर्व अम्पायर असद रउफको हृदयघातका कारण निधन भएको छ । उनी आईसीसीको एलिट प्यानलका अम्पायर थिए । बाँकी ८ पेजमा

## खुल्यो चीनको नाका

काठमाडौं । कोभिड-१९ संक्रमण फैलिएसँगै बन्द रहेको रसुवागढी-केरुङ नाका बिहीबारदेखि खुला भएको छ । चीनको केरुङबाट सामान बोकेका १४ वटा कन्टेनर बिहीवार रसुवागढी नाका आइपुगेका छन् ।

जिल्ला प्रशासन कार्यालय रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी दयाराम पौडेलले चिनियाँ पक्षबाट बिहीबारदेखि व्यापारिक नाका खुला हुने मोबाइल सन्देश प्राप्त भएको बाँकी ८ पेजमा

## श्राद्ध कर्मप्रतिको आस्था नयाँ पुस्तामा हराउँदै

समय सन्दर्भ

■ अञ्जु कार्की

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्रश्राद्ध अर्थात् पितृपक्ष गत आइतबारदेखि सुरु भएको छ । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका १६ वटा तिथिमा दिवंगत पितृका नाममा सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्र श्राद्ध भनिएको हो । बहुसंख्यक नेपालीले मान्दै आएको वैदिक सनातन धर्म संस्कृतिले पछिल्लो पाँच सय वर्ष यता विश्वभर हिन्दू धर्मको रूपमा परिचय पाएको छ । हिन्दू समाजले ३३ कोटी देवताको पूजा गर्छ । यी ३३ प्रकारका देवतामध्ये पितृ देवतालाई हाम्रो समाजले सबैभन्दा माथिल्लो स्थानमा राखेको छ । पितृदेवताको पूजाविना अरू देवताको पूजाआजा गर्न मिल्दैन ।



हाम्रो समाजमा अरू देवदेवीको भक्तिलाई पूजाआराधना मात्रै भनिन्छ, तर पितृको भक्तिलाई श्राद्ध भनिन्छ । श्रद्धा शब्दबाट श्राद्ध भएको हो ।

कुनै पनि समाज र मानिसको परिचयको केन्द्रविन्दु भनेकै संस्कृति हो । समाजमा लिखित कानुनको विकासभन्दा धेरै अगाडि पनि अमन-चयन, सद्भाव र सौहार्दता कायम नै थियो, जसको श्रेय संस्कृतिलाई दिन सकिन्छ । मानव समुदायले जीवन निर्वाह गर्ने सम्बन्धमा समाजले विकास गरेका विभिन्न भौतिक एवं अभौतिक पक्षहरूको योग नै संस्कृति हो । चाडपर्व मानव समाज र संस्कृतिलाई सदा जीवित एवं क्रियाशिल बनाइरहने महत्वपूर्ण ऊर्जा हुन् । मानव सभ्यताको विकासका क्रममा हरेक समाजका आफ्नै खाले पर्व र महोत्सवहरू निर्माण हुँदै आएका छन् । संस्कृति तथा संस्कार मानिस र समाजको परिचयको स्रोत हो । यदि संस्कृतिको नाश भयो भने त्यसले त्यो समाज र मानिसको पहिचान पनि गुमनाम भएर जान्छ । तर, समाजलाई अनुशासित बनाउने नाममा केही छुद्रहरूले अन्धविश्वासको बीजारोपण पनि गरेको पाइन्छ । आफ्ना दिवंगत जन्मदाताहरूको पूजा गर्ने सामाजिक परम्परालाई अन्धविश्वासको द्योतक मान्ने कि ? यसका केही वैज्ञानिक आधारहरू पनि छन् त ? यस बारेमा छोटो चर्चा गरौं ।

दिवंगत आफन्त जनहरूलाई पितृदेवताको रूपमा पूजा गर्ने परम्परा वैदिक सनातनी नेपाली समाजको मुख्य विशेषता हो । नेपाली सनातन संस्कृतिले देवीदेवताको भक्तिलाई भन्दा पितृ देवताको भक्तिलाई माथिल्लो श्रेणीमा राखेको छ । देवी देवताको भक्ति तथा पूजा इच्छा लाग्दा गर हुन्छ, अनिवार्य छैन । तर, पितृदेवताको भक्ति तथा पूजा हाम्रो सनातन धर्म संस्कृतिमा अनिवार्य छ । हरेक देवी देवताको भक्ति तथा पूजा गर्नुभन्दा पहिला पितृ देवताको पूजा गर्न अनिवार्य छ । पितृ देवता प्रसन्न भए मात्रै देवीदेवताले फल दिन सक्छन् भन्ने हाम्रो मान्यता छ ।

अहिलेको नयाँ पुस्ताले हरेक चाडपर्व मनाउनु पछाडिका वैज्ञानिक कारण खोज्न थालेको छ । वैज्ञानिक युगमा हुर्केको नयाँ पुस्ताले कारण खोज्नु स्वाभाविकै हो । यो त समाज विकासको नियमै हो । यस्तो प्रश्न नउठ्दो हो त आदिमकालको समाज र अहिलेको समाजमा केही भिन्नता हुने थिएन । कारणबिना कर्म हुँदैन भनेर हाम्रो धर्मशास्त्रले बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# अनियन्त्रित भ्रष्टाचार, बढ्दो ऋण

नेपाल आर्थिक रूपले धराशायी बन्दै जाँदैछ । देशको ऋण २० खर्ब रूपैयाँ पुगेको छ । पाँच वर्षअघि यस्तो ऋण १५ खर्ब थियो । यो ऋणभार अंक भनेको कुल जिडिपीको ४५ प्रतिशत हो । कुनै पनि मुलुकको ऋण कुल जिडिपीको जब ४० प्रतिशत नाघ्छ त्यो अर्थतन्त्र टाट पल्टिँदै गएको संकेत मानिन्छ । यस हिसाबले नेपालको अर्थतन्त्र टाट पल्टिँदैछ । देशको राजस्वले साधारण खर्च धान्न सकिरहेको छैन । प्रशासनिक कार्य सम्पादन गर्न र सरकारी अर्धसरकारी कर्मचारीलाई तलब भत्ता खुवाउन समेत ऋण लिनुपर्ने अवस्था छ । ऋणको ब्याज कसरी तिर्ने भन्ने अर्को समस्या छ । २० खर्ब ऋणको लगभग डेढ खर्ब ब्याज तिर्नुपर्छ । यसका लागि पनि ऋण नै लिनुपर्ने हुन्छ अर्को विकल्प देखिँदैन । राज्यले भौतिक पूर्वाधार निर्माणका कार्यहरू गर्नैपर्छ । नयाँ योजना अघि बढ्ने त देखिँदैन तर आधा निर्माण कार्य सम्पादन भएका निर्माणाधीन आयोजना सम्पन्न गर्न पनि ऋण नै नलिई उपाय छैन । हरेक वर्ष ऋणको मात्रा बढ्दै जाँदैछ । यस्तै तरिका चलिरहने हो भने कुल जिडिपीभन्दा ऋणको रकम बढी हुन सक्छ । त्यस्तो अवस्थामा देश आर्थिक संकटमा फस्ने निश्चित छ ।

यसरी हरेक वर्ष ऋण बढ्नुको मुख्य कारण देशमा ब्याप्त भ्रष्टाचार नै हो । नेपाल विश्वकै भ्रष्ट देशहरूको टपटेन सूचीमा छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको हरेक वर्षको प्रतिवेदनमा नेपाल भ्रष्ट मुलुकको सूचीमा जम्प गर्ने गरेको छ । भ्रष्टाचार बहुदलीय संसदीय व्यवस्थाको एउटा विशेषता नै मानिन्छ । तर नेतृत्व इमानदार, सदाचार, दूरदर्शी भएका मुलुकहरूमा भ्रष्टाचारमा शून्य सहनशीलता रहेको पाइन्छ । स्केन्डीभियन मुलुकहरूमा भ्रष्टाचारलाई अपराध मानिन्छ । फिनल्यान्ड विश्वकै सुखी राष्ट्र हुनुमा भ्रष्टाचारमा शून्य सहनशीलता अपनाएकै कारण हो । विश्वका जति पनि देशले आर्थिक तरक्की गरेका छन्, भ्रष्टाचार नभएरै हो । कुनै बेला भोकमरीले भ्रष्ट बनेको इथोपिया, गृहयुद्धले थिलथिलो भएको रूवान्डा अहिले विकासशील देशको श्रेणीमा उक्लिन सकेका छन् । अमेरिकी आक्रमणले क्षतविक्षत बनेका देशहरू जापान, भियतनामले आर्थिक समृद्धि चुमिरहेका छन् । २०२६ सालमा नेपालले खाद्यान्न सहयोग गरेको दक्षिण कोरियाले नेपाली युवाहरूलाई आकर्षक सुविधा दिएर श्रम बजारमा काम लगाइरहेको छ ।

१९७१ मा पूर्वी पाकिस्तान टुक्रिएर बनेको बंगलादेशको अर्थतन्त्र ४१० अर्ब अमेरिकी डलर पुगेको छ । त्यहाँ प्रतिव्यक्ति आय २२०० कलरभन्दा माथि छ । तयारी पोसाक र औषधिहरू उत्पादन गरेर १४७ देशमा बंगलादेशले निर्यात गरिरहेको छ । तर नेपाल कृषिप्रधान देश कृषिवस्तुकै उच्च आयात, श्रम शक्ति सम्पन्न देश तर उनीहरूकै निर्यात, जलस्रोतमा दोस्रो धनी देश तर ऊर्जाकै आयात (अहिले मात्र थोरै निर्यात) यस्तो अवस्थामा आमूल परिवर्तन नभएसम्म देश आर्थिक रूपले तंग्रिन सक्दैन । यसका लागि सप्तरंगी नेतृत्व चाहिन्छ । विडम्बना नेपालमा नेता धेरै छन्, तर राजनेता छैनन् ।

संघ, प्रदेश र स्थानीय तीनै तहमा भ्रष्टाचारले जरा गाडेको छ । २४ लाख जनसंख्या भएको प्रदेशमा १३ जना मन्त्री बन्छन् । महँगा गाडी चढ्न, अनावश्यक नाम मात्रका आयोजना खडा गरेर आर्थिक अनियमितता गर्छन् । सडक नै नभएको ठाउँमा पुल बनाएर राजनीतिक दलका मानिसहरू भ्रष्टाचार गरिरहेका छन् । विकास आयोजनाको अवधि थपेर राज्यकोष लुटिरहेका छन् । बुढीगण्डकी जलविद्युत् आयोजनाको मुआब्जा वितरणमा ७० अर्ब खर्च भयो तर आयोजना सुरू भएको छैन । मेची महाकाली रेलमार्ग, मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्गका नाममा खरबौं खर्च भइसक्यो तर प्रतिफल शून्य छ । भ्रष्टाचारले अब अर्को विद्रोह निम्त्याउने देखिँदैछ ।

# आगामी निर्वाचनमा मेरो उम्मेदवारी व्यवस्थापकीय नेतृत्वको लागि हो




**सुरेन्द्र ढकाल**

आर्थिक रुपमा साँच्चै समृद्धि ल्याउने हो भने दुई कुरा अति आवश्यक छ। पहिलो भनेको विकास बजेटको अंश ७० प्रतिशत पुग्नु र साधारण बजेटको अंश ३० प्रतिशतमा खुम्चिनु पर्छ । दोस्रो कुरा भनेको विकास बजेट शतप्रतिशत खर्च हुने आर्थिक नियन्त्रण प्रणालीको (Comptroller system) विकास हुनु पर्दछ ।

नेपालको विकास गर्न गुणात्मक र परिमाणात्मक रुपमा कतिवटा मन्त्रालय आवश्यक पर्दछ भन्ने कुराको संगठन तथा व्यवस्थापकीय विश्लेषण (Organization and Management Analysis) को आधारमा तय गर्ने प्रणाली हालसम्म विकास भएको छैन। मन्त्रीहरूको भागबण्डा पुऱ्याउन मन्त्रालयहरू जुटाउने र फुटाउने गरिन्छन्। यो व्यवस्थापनको सिद्धान्त र व्यवहारअनुसार अक्षम्य अपराध हो। हरेक पदले हप्ताको ३६ घण्टा पूर्णरुपमा काम पाउनु पर्दछ होइन भने दुइवटा पदलाई मिलाएर एक पद बनाउनु पर्दछ भन्ने पद विश्लेषणको (Job Analysis) प्रविधि नेपालको प्रशासन हालसम्म लागू गरिएको छैन। पूरा काम पाएको पदको संख्याले संगठनको स्वरुप बनाउँछ अनि त्यस्ता संगठनहरूले काम गर्दा मात्रै सरकारको काम उत्पादनशील (Productive) हुन्छ भन्ने सोच त नेपालमा झनै आएको छैन ।

यस पंक्तिका लेखक यही Job Analysis भन्ने विषयमा इटलीको विश्वविद्यालयबाट विशेषज्ञताको डक्टरेट हासिल गरेर आएको हो । सरकारी संयन्त्रमा यो प्रणाली लागू गर्न सरकारले नचाहेकै कारण उसले सरकारी सेवाबाट राजीनामा दिनुपरेको थियो। जबसम्म पद विश्लेषण प्रणाली लागू हुँदैन तबसम्म साधारण खर्च घटाउन सकिदैन। मन्त्रालयदेखि कार्यालयसम्म चाहिने जति कर्मचारी छन् कि छैनन्? अझ चाहिने भन्दा बढी पो कर्मचारी छन् कि? भन्ने सूचना केन्द्रीय कर्मचारी संगठन (Central Personnel Agency CPA) सँग जहिले पनि अद्यावधिक हुनुपर्छ। अनिमात्रै देशको प्रशासनमा साधारण खर्च घटन गई यो उत्पादनशील हुन्छ।

नेपालमा सामान्य प्रशासन मन्त्रालयलाई CPA को रुपमा हेरिन्छ तर यस मन्त्रालयले काम भने त्यसरी गर्न सकेको छैन, किनकी राजनीतिक तहले त्यसरी काम गर्न दिएको छैन। साँच्चै पदको विश्लेषण गरी हरेक पदलाई हप्ताको ३६ घण्टा काम पुऱ्याउने हो भने १२ मन्त्रालय र ४० हजारभन्दा कम कर्मचारीले मात्रै देशको प्रशासन सजिलै चलाउन सकिन्छ र साधारण खर्च घटी विकास खर्च बढ्न पुग्दा देशको विकास प्रशासन उत्पादनशील र सक्षम बन्न पुग्छ। उदाहरणस्वरुप हालको परराष्ट्र, पर्यटन, वैदेशिक रोजगार र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई अन्तर्राष्ट्रिय सम्बन्ध तथा व्यापार मन्त्रालय (Ministry of International Affairs and Trade) भनेर एउटै मन्त्रालयमा गाभ्न सकिन्छ। त्यसैगरी श्रम तथा सामाजिक कल्याणलाई एउटै, यातायात तथा संचार मन्त्रालयलाई एउटै बनाउन सकिन्छ। यस्ता उदाहरण अरु पनि हुन सक्छन। यसको लागि हालको कार्यसम्पादन नियमावली (Transaction of Business Rule) तथा कार्यविभाजन नियमावली (Allocation of Business Rule) मा व्यापक संसोधन गर्नु जरुरी छ।


PRASHASAN, The Nepalese Journal of Public Administration
Year, 19, No. 2, 51st Issue, March 1988.

The Determination of Productivity in Public Administration

—Surendra Prasad Dhakal*

**Is Administrative Job Productive ?**

The determination of productivity in Public Administration has been occupying only a little importance which is probably due to the fact that most of the administrative phenomena are hardly measurable. The scientific management theory considered the administrative job privileged. Successive studies have recorded the erosion in the presumed situation of bureaucratic privileges because of the growth of administrative job as well as the growing parcelization and disqualifications that, in most cases, have characterised the evolution of the administrative and clerical job making them lose the original status. The conception of the administrative job as unproductive was founded principally on the fact that it does not produce the material which could be the object of exchange in the market.[1] But this notion is becoming weaker. In effect, the administrative job is productive in two ways;

— In indirect form, it tends to facilitate the implementation of the programmes concerning the production of goods and services.
— In direct form, it facilitates the process of communication and information between the organisation and its external environment, among the different employees inside the same organisation and among the individuals far from each other. In such a situation it, as the unit of services, constitutes the essence of being itself of the institutional services provided for the organisation being in it at the same time the informative instrument of decision-making and delivery of services. It

*Training Research Officer, HMG Ministry of General Administration, Harihar Bhawan, Lalitpur, Nepal.
1. H. Braverman-Lavoro e Capitale Monopolistico, Torino, Einaudi, 1975, pp. 5-8.

अर्कोतर्फ विनियोजित बजेट शतप्रतिशत खर्च हुने अवस्था सिर्जना गर्न प्रधानमन्त्रीदेखि मन्त्री, सचिव, महानिर्देशक हुँदै कार्यालय प्रमुखसम्मको वित्तीय अधिकार तथा जवाफदेहिता (Financial Autonomy and Accountability) तोकिन पर्दछ। यसले हरेक तहमा खर्च र निश्चित प्रतिशत रकमान्तर गर्न पाउने अधिकारको प्रत्याभूति गर्दछ। हरेक तहले सोअनुरुप कार्य नगरे असक्षमता तथा बेरुजु ठहरिने र सो बेरुजु देखाउने मात्रै होइन सोही तहबाट त्यस्तो बेरुजु असुलउपर गर्ने संवैधानिक अधिकारसमेत महालेखा परीक्षकको विभाग तथा कार्यालयलाई दिइनुपर्दछ।

हाल नेपालमा महालेखा परीक्षकले खरबौंको बेरुजु त देखाएको छ तर बेरुजु असुलउपर भने हुन सकेको छैन। जति धेरै बेरुजु आउँछ उति धेरै सरकार र विकास प्रशासन यन्त्र असक्षम छ भनेर बुझ्न जरुरी हुन्छ। यो कुरा बुझ्ने नेपालमा न नेता छन् न त्यसको लागि लड्ने प्रशासक नै। पद पाइन्छ भनेर राजनीतिक तहको इसारामा काम गर्ने उच्च स्तरका कर्मचारी भएकै कारण साधारण खर्चले विकास खर्चलाई उछिनेको छ।

अर्कोतर्फ विनियोजित विकास बजेटको ३० प्रतिशत पनि खर्च हुँदैन, भयो भने पनि बेरुजु देखिन्छ। तसर्थ देशलाई राजनीतिक नेता होइन अब महाथिर मोहमद, लिक्वान यू जस्ता राजनीतिक व्यवस्थापकको खाँचो छ। अगामी निर्वाचनमा मेरो उम्मेदवारी त्यसैको लागि हो।

# उम्मेदवार सिफारिसमा मनपरी



**गोविन्द विक**

लोकतान्त्रिक व्यवस्थामा चुनाव भनेको राजनीतिक दलहरूका लागि महान पर्व हो। चुनावमार्फत नै आफूलाई मनपरेको उम्मेदवार आफूलाई मन परेको जनजीविकाका विषयमा ध्यान दिने दललाई मत दिएर सत्ता सञ्चालनको अधिकार दललाई सुम्पिने जनताका लागि चुनाव गतिलो अवसर हो। आफूले चुनेर पठाएकाहरूले जनजीविकाका सवालहरूलाई जहिलै प्राथमिकतामा राखुन् भन्ने अपेक्षा जनताले राख्नु स्वभाविक नै हो। स्वच्छ छविको उम्मेदवार दलहरूले सिफारिस गरेर पठाउन। देशले चिनेको भन्दा पनि देशलाई चिन्नेले उम्मेदवारी दिनपाओस् भन्ने अपेक्षा जनस्तरको रहेको पाइन्छ।

संघीय र प्रदेश सभाको चुनावले संघारमा आएको चाडबाडसँगै चुनावको माहोल तातिएको छ। दलहरू उम्मेदवार सिफारिस गर्न टिकट वितरण गर्न सिट बाँडफाँड गर्न चुनावमा तालमेल गठबन्धन गर्नका लागि व्यस्त छन्। चुनाव जितेर काठमाडौं आएका दलका नेता पाँच वर्षको अन्तरालमा एक पटक पनि गाउँ फर्किएको भन्ने मतदाताहरूका गुनासा छन्। सांसद बनेर आफ्नो निर्वाचन क्षेत्रमा नजाने नेताहरूको रसोवासो नै गाउँतिर छ अहिले। फेरि पनि आफूलाई भोट दिएमा देश विकास गर्ने जनताको मुहारमा खुसी ल्याउने निर्वाचन क्षेत्रको विकासमा काम गर्ने भनेर जनतालाई झुक्याउने खेलको सुरुवात भैसकेको छ।

चिया पसलदेखि पाँचतारे होटलसम्म चुनावकै गफमा मानिसहरू गफिइरहेका छन्। आफूले मनपरेको उम्मेदवारलाई मत दिएर समृद्ध नेपाल र सुखी नेपालीको सपना पूरा हुनेमा मतदाताहरू प्रतिक्षारत रहेका छन्। लोकतन्त्रको महान चाड भनेको नै चुनाव हो। लोकतन्त्रको प्रभावकारी अभ्यासको रुपमा चुनावलाई लिइने गरिन्छ। दलहरूले क्षेत्रदेखि जिल्ला जिल्लादेखि केन्द्रमा चुनावका लागि उम्मेदवार सिफारिस गर्ने अभ्यासमा देखिएका छन्। चुनावी मैदानमा उतार्ने उम्मेदवार स्वच्छ छविको हुनुपर्छ। देश र जनताको विकासका लागि अहोरात्र काम गर्ने हुनुपर्छ मुलक र जनताको समृद्धिको लागि कुनै कसुर बाँकी नराखी काम गर्ने भ्रष्टाचारीलाई देख्नै नसक्ने घुसखोरी दलाल माफियाहरूका विरुद्धमा कडा आवाज उठाउने राष्ट्रियता र राष्ट्रलाई सधैं शिरमा राखेर काम गर्ने राजनीतिलाई कमाउने माध्यमभन्दा पनि उत्कृष्ठ समाज सेवाको रुपमा ग्रहण गर्ने आफ्नो क्षेत्रका जनताहरूको पिर र मार्कालाई सधैं हाउसमा उठाउने। नातावाद कृपावाद परिवारवादलाई तिरस्कार गर्ने सामाजिक कुसंस्कारका विरुद्धमा जाइलाग्ने राष्ट्रको अस्तित्व संकटमा पर्ने किसिमका सन्धि सम्झौताहरूका विरुद्धमा कडा रुपमा प्रस्तुत हुने निमुखा सिमान्तकृत वर्गको उत्थान र विकासका लागि सधैं राज्यलाई खबरदारी गर्ने उम्मेदवारको प्रतिक्षामा आम जनता छौं। तर दलहरूले हामीले अपेक्षा गरेका हामीले परिकल्पना गरेका भन्दा फरक उम्मेदवारहरूलाई सिफारिस गर्ने उल्टो अभ्यासमा दलहरू लागिरहेका छन्।

जिउँदै मान्छेलाई भट्टामा पोलेर जेलमा परेका, करोडौंको घूस कान्डमा मुछिएका, समाजमा गुन्डागर्दी मच्चाएर नवधनाढ्य बनेका दलको उच्च तहमा साँठगाँठ गर्न सक्ने दलका उच्च तहका नेताहरूको कुनै न कुनै नाता सम्बन्ध भएका, पटक पटक सांसद भएर पनि निमुखाहरूको आवाज उठाउन बिर्सिएका, बैठकमा गएर निद्रा पुऱ्याएका, बलत्कारी हत्यारालाई अदृश्य रुपमा संरक्षण गर्ने गरेका, जनताको भोक र पीडाका आवाज सधैं बिर्सिनेहरूलाई उम्मेदवार सिफारिस गर्ने होडमा दलहरू लाग्नु दुखद विषय बनिरहेको छ। दलहरूको यस्तै उल्टो अभ्यासका कारण आज आम जनतामा नैराश्यता छाएको छ। दलहरू जनताप्रति कहिलै उत्तरदायी बनेनन् र बनेका पनि छैनन्।

जनता हाम्रा सेवक हुन्, हामीले जस्ता मान्छे उठायो त्यसलाई जनताले भोट दिइहाल्छन् भन्ने मानसिकताको उपचार दलहरूभित्र खोजिनु पर्दछ। चुनाव जिताउनकै लागि सेन्टिमेट सेलीब्रेटीहरू उम्मेदवारहरूको खोजीमा पुराना भनिएका दलहरू नै व्यस्त हुने गतिलो संकेत हैन। चुनाव जित्नु मात्रै लोकतन्त्रको सफलता हैन चुनाव जितेर गरिने अभ्यासमा लोकतन्त्रको संरक्षण झल्किनु पर्दछ। दलभित्रैको बेढंगको कामले आज पुराना दलप्रति जनविश्वास कम हुँदैछ भन्ने हेक्का दलका नेतालाई छ कि छैन ?

जेलभित्रबाट चुनाव जितेर समृद्धि सम्भव होला त ? ठूला ठूला व्यापारी घरानाहरू आज दलको सिफारिसमा पर्दैछन्। समाजमा गुन्डागर्दी गरेर परिचित भएकाहरू आज दलको सिफारिसमा पर्दैछन्। उम्मेदवारी सिफारिसमा नै मनपरी गर्ने दलहरूले फेरि पनि चुनाव जितेर उनीहरूबाट समृद्धि र विकास अगाडि बढ्छ भन्ने कसरी विश्वास गर्न सकिन्छ ? राजनीतिक दलहरूको यस्तै मनपरी तन्त्रले गर्दा आम मानिस दलप्रतिको विश्वास कमजोर बन्दै गइरहेको छ। दलका कार्यकर्ताबाहेक आम नागारिकमा दलको फोहोरी खेलप्रति नैराश्यता छाएको छ।

हुँदाखानेहरूको जीजिविषालाई पटक पटक सत्तामा गएर पनि ओझेलमा धकेल्ने काम दलहरूबाट हिजो पनि भएको थियो र आज पनि हुँदैछ। जसले गर्दा आम नागारिक समस्यामा छन्। वामपन्थी धार लोकतान्त्रिक धार सम्हाल्ने ढोल पिटेर हिँडेका दलहरू नै आज गैरजिम्मेवारपूर्ण तरिकाले प्रस्तुत भइराखेका छन्। जनतालाई जसो गरे पनि हुन्छ। जस्ता मान्छे चुनाव उठाए पनि जनताले मत दिन्छन् भन्ने भ्रमले गर्दा दलहरू उल्टो मार्गमा दौडिरहेका छन्। चुनावका लागि सिफारिस गर्दा उम्मेदवारको योग्यता के हो ? कुन धरातलमा रहेको छ ? विगत र वर्तमानको अवस्था के हो ? के कानुनको नजरमा दोषी देखिएको व्यक्तिलाई सिफारिस गर्दा यसले के सन्देश जान्छ ? लगायतका विषयमा दलहरूले चासो नदिनु गैरजिम्मेवारीताको परकाष्ठ नै हो।

के अपराध कर्ममा मुछिएकाहरूले जनताको समृद्धि आवश्यक ठान्लान त ? जेलमा बस्नेहरूलाई सिफारिस गर्दा जेलबाट निस्किएर चुनावमा पैसाले मत किनेर जितिहाले भने पनि सत्ता र शक्तिको अडेस लागेर अपराध मच्चाउनमै व्यस्त हुँदैनन भन्ने आधार के छ ? चुनावका लागि उम्मेदवार सिफारिस गर्ने समितिको कार्यक्षमतामा प्रश्न उठाउनुपर्ने समय आएको छ। राजनीति भनेको नै भ्रष्टहरूले गर्ने हो। राजनीति भनेको नै गुन्डागर्दी मच्चाउनेहरूले गर्ने हो। राजनीति भनेको नै परिवारवादलाई छोड्न नसक्नेहरूले गर्ने हो। राजनीति भनेको नै घुसखोरी माफियाहरूले गर्ने हो।

राजनीति भनेको नै निमुखाहरूको आवाज दवाउनेहरूले गर्ने हो भन्ने किसिमको अभ्यास राजनीतिक दलहरूको हरेक व्यवहारमा देखिइरहेको छ। दलहरूको उल्टोपाल्टो व्यवहारले गर्दा राजनीति दिनदिनै बदनामी भडखालोमा पर्दै गइरहेको छ।

जेल भुक्तान गरिरहेकाहरू चुनावमा सिफारिस भए भन्ने समाचार बाहिर आउँदा दलको नेतृत्वलाई कति पनि चिन्ता नहुनु विडम्बनापूर्ण छ। चुनावमा उम्मेदवारी सिफारिस गर्नु कुनै ठट्टाको विषय होइन। कस्तो छवि र योग्यता भएकोलाई उम्मेदवार बनाउँदा दलप्रतिको विश्वास जनतामा जगाउन सकिन्छ भन्ने सोच र चिन्तन दलमा छैन भन्ने कुरा दलहरूको उम्मेदवार सिफारिसमा देखिएको मनपरी तन्त्रले प्रष्ट पारेको छ। त्यही भएर जनता दलको विकल्पमा संगठित हुँदै गइरहेका छन्।

# मैले देखेको २२० औं विश्व पर्यटकीय स्थल

## कोरियाली सर्वोच्च नेता तथा राष्ट्रपति किमको जन्मघर


सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा किमको जन्मघर



किमका बाबुबाजेले प्रयोग गरेका माटाका भाँडाकुँडाहरू



किमको घरमा झुन्ड्याइएका पुराना तस्बिरहरू



किमको जन्मघरमा सुरक्षित राखिएका कृषि औजार



किमको जन्मघर अगाडि सुरेन्द्र ढकाल



राष्ट्रपति किमको जन्मघरअगाडि हामी सबै नेकपा मालेको प्रतिनिधिमण्डल

जर्मनीबाट मार्च २०१९ मा फर्केलगत्तै प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको वर्कस पार्टीको निमन्त्रणामा नेकपा मालेको उच्चस्तरीय प्रतिनिधि मण्डलको नेतृत्व गर्दै अगस्ट ७ तारिखदेखि १३ तारिखसम्म उक्त देश भ्रमण गर्ने सुनौलो मौका प्राप्त भएको थियो। ७ दिने उक्त भ्रमण कार्यक्रममा विभिन्न दर्शनीय स्थल र उच्च भेटघाटको अवसर पनि प्राप्त भएको थियो।

भ्रमणको पहिलो दिन शनिबार १० अगस्ट बिहान ९ बजे हामीलाई माङयोङ देएस्थित प्रजग कोरियाका सर्वोच्च नेता तथा राष्ट्रपति किमको जन्मघर अवलोकन गराउन लगिएको थियो। नेताको सम्मान स्वरुप हामी सबै प्रतिनिधिमण्डलका सदस्यहरू राष्ट्रिय पोसाकमा सजिएका थियौं। मध्यकालीन समयदेखि नै उक्त स्थलमा पोङयाङका धनी सामन्तहरू बसोबास गर्दै आएका रहेछन्। हाम्रो गोकर्ण जस्तै देखिने उक्त जंगलमा ती सामन्तहरूको चिहान पनि राखिएको रहेछ। ती चिहानहरू कुर्नका लागि उनीहरूले कुरुवाहरू पनि राख्दा रहेछन्। ती कुरुवाहरू तिनै चिहानको छेउमा फुस्को टहरामा बस्दा रहेछन्। तिनै कुरुवामध्ये एक नेता किमको हजुर बुबा (बाजे) रहेछन्।

त्यस्तै टहरामा नेता किमको जन्म भएको रहेछ। नेता किमले आफ्नो जीवनको १४ वर्षसम्म त्यसै घरमा बिताएका रहेछन्। नेता किम उनका बुबा आमा काका काकाका छोरा सब जापानविरुद्धको मुक्ति युद्धमा होमिएका रहेछन्। त्यही प्रसंगमा १४ वर्षको उमेरमै घर छोडेका किमको बुबालाई जापानीहरूले कैद गरी यातना दिँदा दिँदै ४४ वर्षको उमेरमै मृत्यु भएको रहेछ।

त्यसैगरी उहाँकी आमाको पनि बिरामीको कारण ४२ वर्षको उमेरमा मृत्यु भएको रहेछ। घर छोडेको २५ वर्षपछि देशलाई जापानीको पन्जाबाट मुक्त गरी आफ्नो जन्मघर फर्कंदा उनकी हजुरआमाले हर्षले विभोर भएर किमलाई अंकमाल गरेको तस्बिर घरमा झुण्ड्याइएको रहेछ। तेरा बाबुआमाहरू खोई ? तँ एक्लै मात्र आइस् ? भनेर हजुरआमाले सोध्दा जापानविरुद्धको मुक्ति संघर्षमा आफूबाहेक सबै सहादत भएको वेदनापूर्ण वृत्तान्त किमले आफ्ना हजुरआमालाई सुनाएका रहेछन्।

किम जन्मेको उक्त घर त्यहाँ उनका बाजेबज्यैले प्रयोग गरेका कृषि र घरेलु औजारहरू अहिले पनि जस्ताको तस्तै राखिएको रहेछ। त्यसैगरी नेता किमले प्रयोग गरेको टेबुल र अन्य सामानहरू त्यत्तिकै सजाएर राखिएको रहेछ। उनीहरू यति गरिब रहेछन् कि राम्रो घ्याम्पो किन्ने औकात नभएको कारण बिग्रिएको, बांगिएको माटोको घ्याम्पो किनेर अनाज संग्रह गर्ने बाध्यतामा उनीहरू रहेछन्।

जापान विरुद्धको लडाइँमा सफलता हासिल गरेर किम जन्मघर फर्केर आइसकेपछि पनि उनका बाजेबज्यैले नमरुन्जेल त्यो घर छोडेका रहेनछन्। अहिले त्यो घर संसारको पर्यटकको आकर्षणको केन्द्रबिन्दु बनेको रहेछ।

प्योङयाङ आउने हरेक पर्यटकलाई सर्वप्रथम त्यस घरमा लगिँदो रहेछ। किमपछि देशको सर्वोच्च पदमा पुगेका उनका छोरा जनरल किमजोङ इल र अहिलेका सर्वोच्च नेता किमजोङ उनले आफ्नो सर्वोच्च पद ग्रहण गरेपछि त्यस घरमा पुगेर आफ्ना बाजेबराजुहरूप्रति सम्मान प्रकट गर्ने संस्कार बसालिएको रहेछ।

विश्वलाई नै जुध्दे विचारधारा दिएर विश्वकै नेता बन्न पुगेका चिहान कुरुवाको नाति किमले कोरियाको स्वतन्त्रता अखण्डता समृद्धि र आत्मसुरक्षा आफैंले गर्नुपर्छ भन्ने सिद्धान्त मात्र नभई व्यवहारमै उतारेर देखाएको कीमको जन्मस्थलमा पुगी फर्कंदा हरेक मान्छेले गर्वको अनुभूति गर्दा रहेछन्। मलाई पनि त्यस्तै अनुभूति भयो र उनीप्रति मेरो हृदयमा ठूलो श्रद्धा जागेर आयो।

## संघर्षको कथा — जीवनमा आत्मविश्वासले पाएको सफलता

डस्टी याक



काठमाडौं । यो एक जवान नेपाली बालिकाको पूर्ण दृढ संकल्प, सपना र शक्तिको कथा हो, जसले आफ्नो विरुद्धमा भएका सबै बाधाहरूको वास्ता नगरी आफूमा विश्वास गरेमा कसैले जे पनि गर्न सक्छ भन्ने प्रमाणित गरिन् । यो मनिषा सिंह र उनको संघर्षको कथा हो ।

मनिषा कालिकोटको गरिब परिवारमा जन्मिएकी पाँच जना छोराछोरीमध्ये दोस्रो सन्तान थिइन् । उनका दुई बहिनीहरू छन् । उनको बुबाले उनीहरूलाई आफ्नो लागि छाडे किनभने उनको आफ्नै शब्दमा, उनकी आमाले उनलाई छोरा दिन सकिनन् । सानै उमेरमा अरु केटाकेटीले जस्तै पढ्नुको सट्टा मनिषाले आफ्नी आमासँग खेतबारीमा, स्टेशनमा फलफूल बेच्ने र अरूको घरायसी काममा सघाउने गर्थिन् ।

आमाले जीवन धान्न संघर्ष गरिन् । सिमित आम्दानीको श्रोत र छोराछोरीलाई खुवाउन नसक्दा छोरीहरूलाई बालगृहमा पठाउन बाध्य बनायो । बाध्यताका कारण उनले आफ्नै सन्तानलाई कुनै वस्तुभन्दा कम व्यवहार गर्न पर्यो, चीजहरूले खराबको लागि मोड लियो । अनाथालयको अवस्था पनि कमजोर र व्यवस्थित थियो । बालबालिकालाई उचित खानेकुरा, सफा लुगा, स्वास्थ्य सेवा वा अन्य कुनै पनि आवश्यक सामग्री उपलब्ध गराइएको छैन । बस्ने वातावरण असुरक्षित, अस्वास्थ्यकर र विषाक्त थियो । धेरै बालबालिकाहरू भोकाएको, शारीरिक रूपमा विरामी र पोषणको कमी र खराब आहारका कारण वृद्धि मन्दीको जोखिममा रहेको थियो ।

दुई बेलायती नागरिक, श्री म्याथ्यू विलियम हर्ली र उनकी पत्नी श्रीमती लुइसा जेनेकम २०१५ को महाभूकम्पपछि देशमा सक्रिय रूपमा विभिन्न परोपकारी संस्थाहरू मार्फत सहायता र सहयोग प्रदान गर्दै आएका थिए । उनीहरू आफ्ना दुई छोरा लिएर नेपाल आएका थिए । भूकम्पले धेरै नेपालीको परिवार तहसनहस बनाएको थियो । बालबालिकालाई विस्थापित गरी अनाथालय र बालगृहमा सारिएको थियो । यहीं बलायती परिवारले मनिषा र उनका दिदीबहिनीहरूलाई भेट्टाए र नेपालका बालबालिकाहरूलाई सहयोग गर्न डस्टी याक फाउन्डेसन खोले (डस्टी याक) नेपालमा बालबालिकालाई सहयोग गर्दै हर्लीहरूले बुडानिलकण्ठमा डस्टी याक चलाउने परिवारको रूपमा स्वयकका रुपमा सेवा गरेका छन् । जुन सेवा केन्द्रको राम्रोसँग सुसज्जित र मर्मत गरिएको छ । सबै केटीहरूलाई अङ्ग्रेजी माध्यमका विद्यालयमा भर्ना गरियो, बास, खाना, शिक्षा, माया र हेरचाहको व्यवस्था गरिएको छ । ६ वर्षदेखि केटीहरूले पालनपोषण, हेरचाह र माया गर्ने परिवार पाए । डस्टी याक सोसाइटीमा, मनिषाले पनि अन्ततः उनले राम्रो अविभावब पाइन ।

विद्यालयमा, उनले शैक्षिक क्षेत्रमा निरन्तर उत्कृष्ट प्रदर्शन गर्नुका साथै अतिरिक्त क्रियाकलापहरूमा पनि राम्रो प्रदर्शन गरिन् । उनी फुटबल, म्याराथन, बास्केटबल, गायन र नृत्यमा धेरै राम्रो गरिन । फाउन्डेसनमा, उनले बाँकी बालबालिहरूलाई ठूलो बहिनीको भूमिकामा निर्बाध गरिन् । बाल्यकालदेखि नै आफूले भोगेको कठिनाइ र संघर्षलाई ध्यानमा राख्दै मनिषाले आफू र आफ्ना दिदीबहिनीहरूले जीवनमा भोग्नुपरेको सामाजिक अन्याय र असमानताको विरुद्ध लड्नका लागि वकिल बन्न निरन्तर इच्छा समेत व्यक्त गरिन् । उनी अन्य बालबालिका र महिलालाई सहयोग गर्ने चाहना राख्छिन् । मनिषा असाधारण थिइन् भन्ने कुरा स्पष्ट थियो । बेलायती श्रीमान श्रीमति हर्लीले उनको दृढ संकल्पको प्रशंसा गरे र उनलाई स्विट्जरल्याण्डको एग्लोन स्कूलमा छात्रवृत्तिको लागि आवेदन दिन प्रोत्साहित गरे जुन विश्वको सबैभन्दा प्रतिष्ठित विद्यालयहरू मध्ये एक हो ।

एग्लोन स्कूलको यात्रा सजिलो थिएन । Aiglon एक धेरै कडा चयन प्रक्रिया छ । आवेदन प्रक्रिया पूरा हुन महिनौं लाग्यो । छनोटको पहिलो चरण मूल्याङ्कन र अन्तर्वार्ता थियो, जसको लागि उनले आफ्ना शिक्षकहरू, हर्लेज र युकेका ट्युटरहरूसँग दिनरात निरन्तर तयारी गरिरहेकी थिइन् जसले मनिषालाई उनको सपनाहरू पूरा गर्न मद्दत गर्न आफ्नो समय दिए । एक पटक अन्तर्वार्ता सकिएपछि, उनले अंग्रेजी भाषा परीक्षण, सामान्य क्षमता/आईक्यू परीक्षण र गणित परीक्षामा दिइन । अन्तिम र सबैभन्दा महत्त्वपूर्ण मापदण्ड जसको आधारमा उनको छनोट निर्धारण गरिएको थियो, उनको एग्लोन स्कूलमा आवेदन दिनको लागि उनको प्रेरणाको पत्र थियो । उनले संसारको कुनै पनि बच्चाभन्दा धेरै र धेरै हासिल गरेकी छिन् । उनी नेपालकी सन्तान हुन् र उनको सफलतालाई मनाउनुपर्छ ।

मनिषाको नयाँ शिक्षाको यात्रा नेपालका केही अधिकारीहरूको गैरकानूनी कार्यका कारण प्रभावित भएको थियो । स्विट्जरल्याण्डको वाणिज्य दूतावासले सबै कागजी कार्यहरू उपलब्ध गराएको र नेपाली अधिकारीहरूलाई अग्रिम पठाएको, अध्यागमनलाई हार्ड प्रतिलिपिहरू उपलब्ध गराइए पनि, कुनै न कुनै रूपमा उनलाई दुईवटा अवसरमा देश छोड्ने अधिकारबाट वञ्चित गरियो । हर्ली परिवारले कठिनाइहरूको सामना गर्दै र बिना कारण उनीहरूलाई हिरासतमा राखियो । आफ्नी जन्म दिने आमा, नेपालमा डस्टी याक सोसाइटीको सहयोग र नेपाल सरकारको हस्तक्षेपले नेपालको यो चम्किलो ताराले आफ्नो सपना पूरा गर्न र नेपालका नेपाली सन्तानहरूले के गर्न सक्छन् भनेर देखाउँदै विदेशमा हाम्रो गौरवशाली राष्ट्रको झण्डा बोक्न पाएकी छिन् ।

हामीले यो सुनिश्चित गर्नुपर्दछ कि अन्तर्राष्ट्रिय समुदाय, गैर सरकारी संस्थाहरू र परोपकारी संस्थाहरू अख्तियारमा गैरकानूनी रूपमा कार्य गर्ने थोरै व्यक्तिहरूको गल्तीबाट सुरक्षित छन् । हामीले हाम्रा बालबालिका र नागरिकहरूको यात्रा र शिक्षित हुने अधिकारहरू सुरक्षित छन् भनी सुनिश्चित गर्नुपर्छ । हामी नेपाल सरकारलाई निष्ठाविना काम गर्ने र हाम्रा बालबालिका र नागरिकको हितमा खतरा हुने दुष्टलाई कारबाही गर्न चाहन्छौं । अन्ततः हामीले मनिषालाई यो अद्भुत उपलब्धिको कदर र बधाई दिनै पर्छ । मनिषा सिंहको कथा नेपालका हजारौं युवतीका लागि प्रेरणादायी छ ।

## भूमिका — जे छ त्यो छ, जे छैन त्यो पनि छ- ५

✍ डा. खेम कोइराला बन्धु

लाग्छ- मनुजबाबु मिश्र उर्फ, मदनबहादुर सिंह (महांकाल, काठमाडौं) । माधवप्रसाद पोखरेल (धरान), तारानाथ शर्मा (कर्फोक)को सम्झना दिलाउँछन् । कतिपय सन्दर्भमा प्रा. बालकृष्ण पोखरेलको स्मृतिमा ।

समयलाई बर्बाद गरेका छैनन् यिनले । पढाइ-लेखाइको निरन्तरता । जन्म र मृत्युको प्रश्न छैन । यिनी मर्दैनन् शायद । त्यसैले भनिएको होला –

'कुनै न कुनै दिन लेखक छोडेर जान्छ धर्ती तर लेखकत्व रहिरहन्छ । उसको मृत्यु हुँदैन ।' जीवनभर दौडेर कहीँ पुगिँदैन । सत्ता पद सम्पत्ति, धन मान, सम्मान, यौवन, रूप शक्तिमा पनि अस्थायी । त्यसैले भनियो– 'मरेर बाँच्ने कि बाँचेर मर्ने' ।

लेखकहरूले सम्झनैपर्छ– कवि माधवप्रसाद घिमिरेको कथन । लेखकको नामको कुनै महफ्व छैन । महफ्व त उसको सृजनाको हो । चूडामणि बन्धुको विचार लेखनमा चाहिने अनुभव, दृष्टि र कल्पना तिनै कुरा यिनमा पाइन्छन् । हो, पनि कवि घिमिरेको अनुभवले भनेझैँ संसारको प्रत्येक व्यक्ति अद्भुत हुन्छ । दुई व्यक्तिको काम एउटै हुनै सक्तैन । लेखनमा पनि सक्रिय जीवनको अन्य कर्ममा पनि ।

आज उसलाई एउटा शङ्का छ । कतै –

'यो सानो देश अब ठूलो देश बन्दै छ,
नभनेको मात्रै भित्रभित्र तयारी छ ।'
- राजेन्द्र थापा

यसैको चिन्तामा डुबेका ।

पूर्वको इलामको प्राकृतिक स्थल । सुप्रसिद्ध पत्रकार केदार शर्माले इलाम यात्राको प्रसङ्गमा भनेको कुरा सम्झन्छन् यिनी । कलाको काम कलाकारले आफ्नो मनको उच्च भावना पाठकसम्म पुऱ्याउनु हो ।

विवेकशील पत्रकारको उत्तर उनले पूरा गरे त ? मेरो प्रश्नको उत्तर केही पङ्क्तिमा उद्धरण गर्नुपूर्व हाम्रो राष्ट्र नेपाल आर्यावर्त राष्ट्रियताको महफ्वको कुरा गर्छन् ।

'जेठो वेद हिमाल हो, सकलको कैलाश साक्षी छ यो ।'
– योगी नरहरिनाथ ।
'इतिहास व्यक्ति होइन, इतिहास देश हो ।'
– मोहन कोइराला ।
नेपाल आमा कहीँ छौ घाम कहीँ छौ छाया हे !
– माधवप्रसाद घिमिरे ।


प्रवास यात्रामा उनले प्रवासी नेपालीमा पाएको दर्द र मर्म –

'नेपाली तन ली प्रवास पथमा व्यर्थै म जन्में किन ?
चिन्ता अग्नि छ आज दन्किरहेको निभ्ला मरेको दिन ।'
– अगमसिंह गिरी ।

त्यसैले इलाम/झापा आउँदा सम्झन पुग्छन् –

'कोलम्बसको पाइतालाले, यस सडकमाथि टेक्न पाउनुपर्छ ।'
- वैरागी काहिँला ।

देशको जनमानसको स्थितिमा पनि त्यत्तिकै गम्भीर एक दिन कविता सुनाए–




'हिजो बजारतिर जाँदा
पार्टीको कुरा सुनियो...
पार्टीले पानी पार्ने भए
पार्टीले दशैं टार्ने भए
म पनि पार्टिकै कुरा गर्ने थिएँ ।'
– क्षेत्रप्रताप अधिकारी ।

प्रश्न गर्छन् – यो अनैतिकता, यो सच्चरित्रताविहीन कार्य–

'आयो यो कलिको कराल भुमरी छोपेर चारैतिर'
– योगी नरहरिनाथ ।

+++

खाँचो पर्खेर थाकेको धर्ती मूर्च्छा परेको छ । भुङ्ग्रोले तताऊ, सके यो मेरो थलोलाई । यसमा बाँच्नुको अर्थ तात्नु हो । यही लक्ष्यप्राप्तिका लागि उपयुक्त काव्यात्मक परिवेश सृजना जगदीश राणाका केही काव्यात्मक अभिव्यक्ति देखिन्छन् –

'अनगन्ती चहलपहल, सुनिन्छ, नानाबेली कुराकानी यो धरतीमा हामी बसको धरतीमा लिएर आउँछन्, शाहन्शाहका लागि किनखाप मणि जडेको, प्रेसिडेन्टका लागि ब्याण्डबाजा, कामरेडका लागि सलामी, सौगात नेताका लागि र राजाका लागि लावाअबीर.... ।'

नरसिंह आज बहुरंगी पंख लिई
मनुष्य लोकका चौतर्फ घुमेका,
गर्जन गुंजन संध्वनि गर्दै ।

अट्टक्रान्तिको क्रन्दन गर्दै राणाले उक्त काव्यमा कोढले खाएको धरती, कालपुरुषको आगमन, यन्त्रसंचालन र मान्छेको रगत, चेतनाको जुर्मुर, अवतार (जन्म, प्रहरप्रहरको उछारपछार, अमलेख बस्तीमा दन्केका मानिस, कालभैरव तथा महाकाल नृत्य तथा अध्याय शीर्षकमा काव्यात्मक अभिव्यक्ति दिएका । प्रजातन्त्रका सांसद जगदीश चिन्तनशील कवि लेखक वास्तवमा हामी सबैको बाटो यौटै– पूर्वीय/अध्यात्म पाटो यही पाटोमा छन् जगदीश, छौं- हामी । चिन्तनशीलताको महत्ता आर्य सभ्यताका महफ्वपूर्ण चरण- विराट् सभ्यता, जनक सभ्यता, लुम्बिनी सभ्यता/बुद्धसभ्यता, सिंजा सभ्यता, उपत्यका सभ्यता- शिव/किराँत सभ्यता यसको उपप्रभाव-लिम्बुवान्, खुम्बुवान्, थरुवान्, ताम्सालिङ, मगरात सभ्यता, तमुवान् र खसान्–

शिवसभ्यतापछि, किराँत, लिच्छवी र मल्ल–
नेपालीले भाषा र संस्कृति भुले कि जातीयता भुले ? नेपाल र नेपाली संस्कृतिलाई जगदीशमय बनाएका छन्– नेपालीमय – 'अतिथि देवो भवः' संस्कृतिबाट कति दर्द र मर्म ।

जगदीश त 'एक विम्ब' मात्रै । जगदीश घिमिरे भन्छन् ।

जीवनयात्रा एउटा सम्झौता- सुख दुःख, मीठो तीतो - दुःख सुखको आनन्द –

सरोगेसी मदर, टेष्टट्युव बेवी - (आपत्कालीन प्रयोग) पौराणिक कालका विम्ब धृतराष्ट्र, पाण्डव, कर्ण, युधिष्ठिर, अम्बालिका - ब्यास (सरोगेट मदर) ।

(छलफल, मुस्लिम राज र बिटिश राज्य सबै आउने ? लाग्छ इतिहास, संस्कृति, भाषा, दर्शन पूर्ण पढेर मात्र ज्ञान हुने !)

+++

सम्झन्छु– मनुजबाबु मिश्र । तात्कालीन मदनबहादुर सिंह 'सरदारजी' भनिइने) परिवारका एक किंवदन्ती (भनिइने) यायावर । ॐकार परिवारको शिख परिवार । शदियौं अघि नेपाल छिरेका (हामीजस्तै यायावर) गोर्खा हुँदै काठमाडौं छिरेका । (छोराछोरी पत्रकार/कलाकार) । सबभन्दा बढी राष्ट्रवादी नेपाली राष्ट्र र राष्ट्रियता ।

यदुनाथ खनाल सम्झन्छन् – मनुजबाबु मिश्रको व्यक्तित्व । कलाकार र कवि । (आज वरिष्ठ ज्येष्ठ नागरिक)

जीवन रमणीय छ (सम्झेमा मात्र) एउटा शासक परिवारको सदस्य जन्मँदैमा कर्नेल/जर्नेल.... । विधिको विधान ! – काठमाडौंको नगरी छाडेर सिमला प्रवास ।

कता कता भित्री पीडा । भित्रको यापन- पर्यटन नगरी- अतिथि सत्कार - पत्नी गायत्री–

हामी दरबार भन्छौं– उनी दरबार मान्दैनन् 'जीवन यापन' ठान्छन् । हालकै नक्सालको फ्ल्याट) त्यत्रो दरबार भोगेकाहरू (प्रो. खगेन्द्रबहादुर के.सी. शब्दमा राणाशासकहरूमा राष्ट्रवादिता जङ्गबहादुर र चन्द्रसमशेरमा बढी ।

दूरदराज सम्पन्नता र विशाल मन ।

सम्झन्छु– कालिदास र दण्डीको पदलालित्य ।

(डाँडाको सिमला नदी मणि- माणिक्य जडित मुकुट पहिरेजस्तो प्रातःकालीन शीतल हावा सिरिरी बग्दै)–

"बाटो तलमाथिको भूगोल जलवायु अनुसार उम्रने वृक्ष वनस्पतिहरूले शोभायमान ।'

उचाइ अनुसारको उत्पत्ति सल्ला, गोब्रे सल्ला....हिमवत्स खण्डको एक चित्रण –

'डाँडाको उच्च भूभागमा अवस्थित दरबारको दुबेभूमि वृक्षबोधि लतिका र सुगन्धित वनस्पतिले पल्लवित पुष्पित रङ्गिविरङ्गी फूलहरूको ।'

लेखक पन्तको लेखन प्रकृति प्रदत्त स्वाभाविक धारमा अघि बढेको – त्यही सरह छ जगदीश र उनको यात्रा .... ।

गज्जब छ प्रसङ्ग यहाँको । (हो विचित्र कै ।)

+++

पन्त यत्रतत्र राजनीतिप्रवेश गर्न चाहँदैनन् । तर प्रवेश नगर्दा नगर्दै साङ्केतिक रूपमा गरिरहका छन्–

(क्रमशः)

## रक्तदान कार्यक्रम

काठमाडौं । अहिले काठमाडौंमा डिङ्गोको प्रकोप बढिरहँदा रगत झन् आवश्यक हुँदै गएको कुरालाई मध्यनजर गर्दै रोटरी क्लब अफ डिल्लीबजार काठमाडौंले रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । क्लबका सदस्य, रोटऱ्याक्ट तथा सर्वसाधारण गरी जम्मा ३० जनाले रक्तदान प्रदान गरेका थिए भने सहभागी सबैलाई क्लबका अध्यक्ष युवराज अधिकारीले प्रमाणपत्र वितरण गरेका थिए । उक्त कार्यक्रम मैतीदेवी मन्दिर पेरिसरमा सम्पन्न गरिएको थियो ।






## गौतम र राई पुरस्कृत




काठमाडौं । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले आफ्नो २७ औं स्थापना दिवसको अवसरमा अग्रज र अनुज पत्रकारलाई सम्मान र पुरस्कृत गरेको छ । आफ्नो स्थापना दिवसका अवसरमा मञ्चले एनएसजेएफ खेलकुद पत्रकारिता सम्मानबाट पूर्व खेलपत्रकार जयदेव गौतमलाई सम्मानित गरेको हो । पूर्वकान्तिपुरकर्मी गौतमलाई सम्मानस्वरूप २५ हजार रुपैयाँसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । यस वर्षको सुमन भोम्जन स्मृति युवा खेल पत्रकारिता पुरस्कार गीता राईलाई प्रदान गरेको छ । उनलाई ल्यापटप पुरस्कार प्रदान गारिएको छ । सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ र नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले गौतम र राईलाई सम्मान प्रदान गरेका थिए ।

## तुलसीको औषधिय गुण



तुलसी उच्च स्तरीय औषधि हो । अझै गाउँ घरमा रुघाखोकी हुनासाथ, आमा, हजुरआमाहरूले बच्चादेखि बुढासम्मलाई तुलसीको पात खुवाउने चलन कायमै छ । पूर्विय धर्म ग्रन्थ वेदमा समेत तुलसीको विरुवाको पवित्रतासँगै औषधिय गुणको वर्णन गरिएको छ । झाडीको रुपमा रहने तुलसीकने बोट एकदेखि तिन फिटसम्म अग्लो पाईन्छ । यसको विरुवा पवित्र मानिन्छ । तुलसी थुप्रै जातका भएपनि सबै फाईदाकारी नै छन् । गुण धर्म अनुसार कालो तुलसीलाई राम्रो मानिन्छ । एलोपेथिक, होमियोपेथिक र युनानी औषधिहरुमा समेत तुलसीको कुनै न कुनै रुपमा उपयोग गरिन्छ ।

आयुर्वेदको अनुसार तुलसी शरीर, मन र आत्माको पीडा हरण गर्ने मानिन्छ । यसमा जीवाणुनाशक मूत्रवर्धक गुणसमेत पाईन्छ । जसले संक्रमण हटाउनुका साथै तनाव र अन्य रोगविरुद्ध प्रकृतिक प्रतिरक्षा प्रणाली बलियो बनाउँछ । आयुर्वेद चिकित्सकका अनुसार तुलसीको नियमित सेवनले स्वाइनफ्लु लगायतका फोक्सोको संक्रमणसँग जुध्न समेत सहयोगी मानिन्छ । तुलसीले रोग प्रतिरोधक क्षमता बढाउने मान्यता छ । यसलाई शक्तिवर्धक औषधिका रुपमा समेत उपयोग गरिन्छ । यसले कार्य क्षमतामा मात्र वृद्धि नभई शीघ्र पतनमा समेत फाईदाकारी रहने मान्यता छ ।

युनानी चिकित्सा पद्धति अनुसार तुलसीमा रोग निको पार्ने भरपुर क्षमता छ । यसले रुघा खोकीको प्रभावलाई कम गर्छ । ज्वरो कम गर्नुका साथै यो मुटुको रक्तनली, कलेजो, फोक्सो, उच्च रक्तचापसँगै चिनिको मात्रा कम गर्न समेत सहयोगी मानिन्छ । तुलसीको काँडाले रगत सफा गर्नुका साथै कोलेस्ट्रोलको स्तरमा समेत कमी ल्याउँछ । भनिन्छ, तुलसीको नियमित सेवनले शरीरमा ऊर्जाको प्रवाह नियन्त्रित रहन्छ र उमेर बढ्छ । यति मात्र नभई तुलसीमा हुने एन्टिअक्सिडेन्ट शरीरको मृत कोषिकालाई ठिक बनाउन सघाउछ ।

तुलसीमा अनेक जीव सत्रिय रसायन पाईन्छ । ट्रैनिन, सैवोनिन, ग्लाइकोसाइडस प्रमुख छन् । हालसम्म तुलसीमा पाइने रसायनको पूर्ण विश्लेषण हुन सकेको छैन । यसमा पाइने पहेँलो वाष्पशील तेलको मात्रा संगठन, स्थान र समयका अनुसार परिवर्तित हुने गरेको छ । यसमा सामान्यत ०.१ देखि ०.३ प्रतिशतसम्म तेल पाइन्छ । तुलसीको तेलमा ७१ प्रतिशत युजिनाल, २० प्रतिशत युजिनाल मिथमइल इथर तथा ३ प्रतिशत कार्बाकोल हुन्छ ।

हरियो तुलसीमा कालोको तुलनामा केहि बढी तेल हुनुका साथै सापेक्षित धनत्व समेत बढी हुन्छ । यसको पातमा ८३ मिलिग्राम प्रतिशत भिटामिन सी एंव २.५ मिलिग्राम प्रतिशत कैरेटिन हुन्छ । तुलसीको बीउमा भने पहेँलो तेल करिब १८ प्रतिशत मात्रामा पाइन्छ । आधुनिक अनुसन्धान अनुसार तुलसीको बोटले वातावरणलाई सफा गर्छ । यसका साथै तुलसीमा भएको युजेनोल नामक अर्गानिक यौगिकले लामखुट्टे, झिँगा लगायत किरा, फटयाङ्ग्रा भगाउँछ । तुलसीको बोटले त्यो स्थान बिशेषमा अक्सिजनको मात्रा बढाउँछ । तुलसीले दिनहुँ करिब १-२ घन्टासम्म अक्सिजन छोड्छ । यसले कार्वन मोनोअक्साइड, कार्वन डाइअक्साइड, सल्फर डाइअक्साइड लगायत विषालु ग्यासलाई समेत सोस्छ । यति मात्र नभई तुलसीको बास्नाले घर, आँगनमा मिठो र ताजा सुगन्ध मिल्छ । जस्का कारण मानिसको खराब मुडसमेत परिवर्तन गर्ने विश्वास छ ।

# एलिजाबेथ द्वितीय जसले ७१ वर्ष बेलायतको नेतृत्व गरिन्



विष्णु भट्टराई

बेलायतकी महारानी एलिजावेथ द्वितीयको निधनले बेलायत राष्ट्रिय शोकमा डुबेको छ । ९६ वर्षीय महारानी एलिजावेथको स्कटल्यान्डस्थित बाल्मोरल दरबारमा बिहीबार निधन भएको थियो । २ दिन पहिले मात्र महारानीले बाल्मोरल दरबारमा लिज ट्रसलाई बेलायती प्रधानमन्त्री नियुक्त गरेकी थिइन् । सन् १९५२ मा पिता जर्ज छैटौंको निधनपछि एलिजावेथले राजगद्दी सम्हालेकी थिइन् । ७१ वर्षसम्म एकछत्र गद्दीमा रहेकी उनी बेलायतको इतिहासमै सबैभन्दा लामो समयसम्म राजगद्दीमा रहने राष्ट्राध्यक्ष हुन् । उनी बेलायतलगायत १४ वटा मुलुकको राष्ट्र प्रमुख थिइन् ।

महारानीको निधनले विश्व राजनीतिमा अपूरणीय क्षति भएको भन्दै विश्वभरका नेता तथा सर्वसाधारणले दुःख व्यक्त गरेका थिए । महारानी एलिजावेथको तस्बिर अंकित मुद्रा, नोट, सरकारी छाप, पोस्टबक्स, राहदानीलगायतको कानुनी वैधता कायमै रहने बताइएको छ ।

७१ वर्षसम्म शासन चलाएकी आमा एलिजावेथको निधनसँगै अब उक्त जिम्मेवारी छोरा चार्ल्सको काँधमा आएको छ । 'प्रिन्स चार्ल्स ' का रुपमा रहेका उनलाई अब 'महाराजा चार्ल्स तृतीय' को नामले पुकारिनेछ । संवैधानिक राजाको रुपमा उनको भूमिका सीमित हुनेछ तर राष्ट्राध्यक्ष तथा राष्ट्र मण्डलको नेताको रुपमा उनले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछन् ।

राजा चुनिएसँगै चार्ल्स सामु महत्वपूर्ण जिम्मेवारी मात्र होइन, चुनौतीसमेत छन् । 'महारानी एलिजाबेथले राज्यारोहण गर्ने बेलाको बेलायत र चार्ल्सले राज्यारोहण गर्ने बेलाको बेलायतमा धेरै नै फरक आइसकेको छ,' बीबीसीसँग कुरा गर्दै प्राध्यापक भर्नन बोगदानरले भनेका छन्, 'अहिले ब्रिटेन बहुजातीय र बहुधार्मिक मुलुक बनिसकेको छ । नयाँ राजाले सबै धर्म र सम्प्रदायका मानिसहरूसँग सम्पर्क बढाउने छन् भन्ने आशा छ ।'

यसअघि चार्ल्ससँगै प्रिन्सेस ट्रस्टमा काम गरेका सर लोयड डर्फम्यान भने राजा भइसकेपछि पनि चार्ल्सले जलवायु परिवर्तन तथा प्रांगारिक खेतीजस्ता उनको मन छोएका विषयहरू तुरुन्तै छाड्न नसक्ने आकलन गर्छन् । 'उहाँ निकै ज्ञानी र सबैमाझ प्रभाव छोड्ने खालको हुनुहुन्छ । त्यसैले राजा बन्नासाथै उहाँले यी विषय छोड्नु होला जस्तो मलाई लाग्दैन,' उनले भने ।

बेलायती मुद्रा प्रकाशन गर्दै आएको कम्पनी द रोयल मिन्टले नयाँ राजा चुनिएसँगै उनको तस्बिर अंकित मुद्रा कस्तो हुने र कहिलेदेखि प्रकाशन गर्नेबारे अहिल्यै केही खुलाइसकेको छैन । कम्पनीका अनुसार महारानीको तस्बिर अंकित करिब २९ अर्ब थान मुद्रा बजारमा छन् । ती मुद्रा वर्षौंसम्म बजारमा रहिरहने र नयाँ मुद्रा बजारमा निष्काशन हुन थालेपछि क्रमशः विस्थापित हुँदै जाने बताइएको छ ।

राजगद्दी सम्हालेको ७१ वर्ष लामो अवधिमा एलिजावेथका फरक-फरक तस्बिर अंकित गरी ५ पटक मुद्रा छापिएको छ । पछिल्लो पटक उनी ८८ वर्षको हुँदा सन् २०१५ मा नयाँ स्वरूपको मुद्रा बजारमा ल्याइएको थियो । नोटमा भने सन् १९६० बाट मात्रै उनको तस्बिर अंकित हुन थालेको हो । पहिलो पटक स्कटिस र नर्दन आइरिस बैंकले एक पाउन्डको नोटमा उनको तस्बिर राखेको थियो । अहिले ८० अर्ब पाउन्ड बराबरका करिब ४ अर्ब ५० करोड थान नोट बजारमा छन् । यी सबै नोट र मुद्राले अहिले नै कानुनी वैधता नगुमाउने द बैंक अफ इंग्ल्यान्डले जनाएको छ । यदि परिवर्तन या नयाँ नोटसँग साट्नुपर्ने भएमा बैंकले सूचना जारी गर्नेछ ।

नयाँ राजा चयन भएसँगै सरकारी छाप र पोस्ट बक्सको स्वरूपसमेत परिवर्तन हुनेछ । तर, कहिलेदेखि भन्ने निर्क्योल भइसकेको छैन । बेलायतको सरकारी हुलाकी सेवा दिने निकाय रोयल मेलले पछिल्लो पटक सन् १९६७ मा एलिजावेथको तस्बिर अंकित छाप प्रकाशन गरेको थियो । जुन चिठीपत्र र पार्सलमा अहिलेसम्म पनि प्रयोग हुँदै आएको छ । केही समययता उक्त छापको प्रकाशन बन्द गरेको रोयल मेलले उक्त डिजाइनलाई परिवर्तन गर्ने प्रक्रिया अघि बढाएकै बेला एलिजावेथको निधन भएपछि उक्त प्रक्रिया केही समयका लागि स्थगन हुने भएको छ ।

सरकारी छाप र पोस्ट बक्सका अलावा हाल जारी हुँदै आइरहेको 'हर म्याजेस्टी' अंकित सबै बेलायती राहदानीको समेत वैधता तत्काल सकिने छैन । अब जारी हुने नयाँ राहदानीमा भने 'हिज म्याजेस्टी' उल्लेख हुने जनाइएको छ । इंग्ल्यान्ड र वेल्सका प्रहरीको हेल्मेट प्लेटमा अब एलिजावेथको सट्टा चाल्सको तस्बिर अंकित हुनेछ ।

हाल बेलायतको राष्ट्रगानमा 'ईश्वरले महारानीको रक्षा गर्नेछन्' उल्लेख छ । चार्ल्सले आधिकारिक रूपमा राजगद्दी सम्हालेपछि सेन्ट जोसेफ प्यालेसको बालकोनीबाट नयाँ राष्ट्रगान सार्वजनिक गर्नेछन् । जसमा 'ईश्वरले राजाको रक्षा गर्नेछन्' उल्लेख हुनेछ । पछिल्लो पटक सन् १९५२ सम्म मात्रै राष्ट्रगानमा उक्त वाक्य समेटिएको थियो ।

सन् १९२६ अप्रिल २१ मा लन्डनको माइफेरमा जन्मिएकी एलिजाबेथ बेलायतमा सबैभन्दा लामो समय शासन गर्ने राष्ट्राध्यक्ष हुन् । उनी विश्वमै पनि लामो समयसम्म सत्तामा रहने शासकको सूचीमा फ्रान्सका लुइस १४ औं पछि दोस्रो स्थानमा पर्छिन् । बेलायतसँगै उनी अन्य १४ वटा कमनवेल्थ देशको राष्ट्रप्रमुख हुन् ।

महारानी एलिजाबेथले आफ्नो जीवनमा थुप्रै उतारचढावको सामना गरेकी थिइन् । उनले थुप्रै रेकर्ड पनि कायम गरेकी थिइन् । एलिजाबेथको शासनकालमै बेलायतमा १५ जना प्रधानमन्त्री र अमेरिकामा १४ जना राष्ट्रपति परिवर्तन भएका छन् ।










एलिजाबेथलाई 'स्थायित्व र निरन्तरता' को प्रतिनिधित्व गर्ने शालीन राष्ट्राध्यक्षका रुपमा लिइन्छ । पारिवारिक जीवनमा उनी कैयौं अप्रिय घटनाको साक्षी बनिन् तर विचलित भइनन् । एलिजाबेथ राजकुमारी रहँदा राजपरिवारमा दोस्रो मर्यादा क्रममा थिइन् । उनी बेलायतको महारानी बन्ने सम्भावना निकै कम थियो । तर सन् १९३६ डिसेम्बरमा राजा एडवर्ड तेस्रोले अमेरिकी महिलासँग विवाह गर्नका लागि सिंहासन त्याग्ने निर्णय लिएपछि १० वर्षकी उनलाई दरबारको उत्तराधिकारी बन्ने बाटो खुलेको थियो ।

उनका बुबा राजकुमार अल्बर्टलाई राजा जर्ज चौथोको उपाधि मिलेपछि जेठी छोरी एलिजाबेथ उत्तराधिकारी बनेकी थिइन् । पिताको निधनपछि सन् १९५२ फेब्रुअरी ६ मा २५ वर्षको उमेरमा उनले राजगद्दी आरोहण गरेकी थिइन् । दोस्रो विश्वयुद्धपछि बेलायत आर्थिक तथा राजनीतिक रूपमा तंग्रिने प्रयास गरिरहेका बेला एलिजाबेथले गद्दी आरोहण गरेकी थिइन् । करिब १२० देशको भ्रमण गरेकी एलिजाबेथले संसारकै सबैभन्दा धेरै यात्रा गर्ने राष्ट्राध्यक्षको कीर्तिमान राखेकी थिइन् । १६ लाख किलोमिटरभन्दा बढी यात्रा गरेकी उनी हजारौं समारोहमा सहभागी भएकी थिइन् । उनी संसारमै सबैभन्दा धेरै फोटो खिचाउने व्यक्तिमध्येमा पर्छिन् ।

महारानीले स्वास्थ्यका कारण आफ्ना कतिपय राजकीय जिम्मेवारी यसअघि नै जेठो छोरा तथा उत्तराधिकारी युवराज चार्ल्सलाई हस्तान्तरण गरेकी छन् । उनले युवराज चार्ल्स राजा बनेपछि पत्नी क्यामिला रानी बन्ने यसअघि नै प्रस्ट पारेकी थिइन् ।

सन् १९९६ मा चार्ल्स र डायनाबीच विवाहको १५ वर्षमै सम्बन्धविच्छेद भएपछि शाही परिवारप्रति आलोचना बढ्यो । त्यसको अर्को वर्ष फ्रान्सको राजधानी पेरिसमा भएको कार दुर्घटनामा डायनाको निधन भएपछि मानिसहरू राजसंस्थाप्रति नकारात्मक बन्दै गए । डायनासँग चार्ल्सको बिग्रेको वैवाहिक सम्बन्ध सुधार्न र डायनाको दुर्घटनापछि गुम्दै गएको राजसंस्थाप्रति जनताको सम्मान कायम राख्नका लागि एलिजाबेथले थुप्रै चुनौती सामना गरिन् । राजकुमारहरू विलियम र ह्यारीकी आमा डायनाको सन् १९९७ अगस्टमा फ्रान्सको राजधानी पेरिसमा भएको कार दुर्घटनामा मृत्यु भएको थियो । पछि सन् २००५ मा चार्ल्सले क्यामिला पार्कर बाउल्ससँग विवाह गरेका हुन् ।

तीन वर्षअघि राजकुमार ह्यारी र मेगनले दरबार छाड्ने निधो गर्दा महारानीले दुःख व्यक्त गरेकी थिइन् । पछि सन् २०२१ को जुनमा पति गुमाएपछि भने उनलाई 'एक्लोपन' ले अत्याएको थियो । त्यसको ६ महिनापछि यौन दुर्व्यवहारको आरोपमा छोरा एन्ड्र्युको शाही पदवी खोसिएको थियो ।

महारानी एलिजाबेथले गद्दी आरोहण गरेको ७१ वर्षको अवसरमा गत जुनमा भव्य समारोह आयोजना गरिएको थियो । चार दिन सार्वजनिक बिदा दिएर गरिएको 'प्लेटिनम जुब्ली' समारोहमा दसौं लाख बेलायतीले भाग लिएका थिए । त्यस अवसरमा महारानीले राजकुमार चार्ल्स, ड्युक अफ केन्टलगायत शाही परिवारका सदस्यमाझ राजदरबारको बाल्कोनीबाट सैनिक र हजारौं सर्वसाधारणलाई हात हल्लाएर हौसला प्रदान गरेकी थिइन् । उनले नेपालप्रति पनि सद्भाव राख्ने गर्थिन् । खासगरी गोर्खा सैनिकप्रति बेलायती राजपरिवारको गहिरो विश्वास रहेकाले पनि नेपालसँग एलिजाबेथको विशेष सम्बन्ध थियो ।

उनले ११७ देशको भ्रमण गरेकी एलिजाबेथ संसारकै सबैभन्दा धेरै यात्रा गर्ने राष्ट्राध्यक्ष पनि हुन् । उनी २१ हजारभन्दा बढी समारोहमा सहभागी भइसकेकी छन् । एलिजाबेथ विश्वकै लामो समय सत्तामा रहने शासकको सूचीमा फ्रान्सेली शासक लुइस १४ औं पछि दोस्रो स्थानमा छन् । बीबीसीका अनुसार उनी संसारमा सबैभन्दा धेरै फोटो खिचाउने व्यक्तिहरूमा पर्छिन् ।

बाल्यकालमा अधिकांश समय घोडा र कुकुरहरूसँग खेलेर बिताएकी एलिजाबेथ राजकुमारी रहँदा राजपरिवारमा दोस्रो मर्यादा क्रममा थिइन् । यसको अर्थ, उनी महारानी बन्ने सम्भावना लगभग शून्य थियो । तर सन् १९३६ डिसेम्बरमा राजा एडवार्ड तेस्रोले अमेरिकी महिलासँग विवाह गर्नका लागि सिंहासन त्याग्ने निर्णय लिएपछि भने १० वर्षकी एलिजाबेथलाई दरबारको उत्तराधिकारी बन्ने बाटो खुलेको हो । उनका बुबा राजकुमार अल्बर्टलाई राजा जर्ज चौथोको उपाधि मिलेपछि जेठी छोरी एलिजाबेथ उत्तराधिकारी बनिन् । पिताको निधनपछि सन् १९५२ फेब्रुअरी ६ मा २५ वर्षको उमेरमा एलिजाबेथ द्वितीयले गद्दी आरोहण गरेकी हुन् ।

दोस्रो विश्वयुद्धपछि ब्रिटेन तंग्रिने प्रयास गरिरहेका बेला एलिजाबेथ सिंहासनमा विराजमान भइन् । समयक्रममा उनले कैयौं पारिवारिक झमेला बेहोर्नुपर्‍यो ।

अत्यधिक लोकप्रिय राजकुमारी डायनासँग चार्ल्सको बिग्रेको वैवाहिक सम्बन्ध सुधार्न र डायनाको दुर्घटनापछि गुम्दै गएको जनस्नेह जित्ने चुनौती रानीले सामना गरिन् । राजकुमारहरू विलियम र ह्यारीकी आमा डायनाको सन् १९९७ मा पेरिस कार दुर्घटनामा मृत्यु भएको थियो । पछि सन् २००५ मा राजकुमार चार्ल्सले क्यामिला पार्कर बाउल्ससँग विवाह गरे ।

दुई वर्षअघि राजकुमार ह्यारी र मेगनले दरबार छाड्ने निधो गरे । रानीले गत वर्ष आफ्ना पति गुमाइन् । छोरा एन्ड्र्युलाई यौन दुर्व्यवहारको आरोप लागेपछि शाही पदवी खोसियो । बेलायती महारानीले सन् १९६१ र १९८६ मा गरी नेपालको दुईपटक राजकीय भ्रमण गरेकी थिइन् । महारानी एलिजाबेथ आफ्नो स्वास्थ्यप्रति निकै सजग थिइन् । उनले जीवनमा कहिले पनि जंकफुड, पास्ता, चामल खाइनन् र कोल्ड ड्रिंग्स पनि पिइनन् । उनी वाइनकी सोखिन थिइन् । उनका लागि बकिंघम दरबारभित्रै वाइन बनाइन्थ्यो ।

*(एजेन्सीहरुको सहयोगमा)*

## समाचार विविध

### चुनाव लक्षित गर्द कर्मचारी सरुवा

काठमाडौं । आमनिर्वाचन नजिकिएका बेला संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकै पटक ७ सय ८४ कर्मचारीलाई सोमबार अन्तरस्थानीय तहमा सरुवा गरेको छ । मन्त्रालयले कर्मचारी व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ अनुरूप भौतिक रूपमा र इमेलमार्फत निवेदन माग गरेर कर्मचारीलाई सरुवा गरेको हो । मन्त्रालयले बिहीबार थप तीन सय कर्मचारीलाई सरुवा गरेको छ ।

लोक सेवा आयोगले २०७६ जेठमा स्थानीय तहमा गरेको पदपूर्तिअन्तर्गतका नियुक्ति भएका कर्मचारीलाई मन्त्रालयले सरुवा गरेको हो । मन्त्रायलले तीन सयभन्दा बढी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत फेरेको छ । स्थानीय तहको निर्वाचनबाट नेतृत्व परिवर्तन भएसँगै जनप्रतिनिधिको दबाब र कर्मचारीको चाहनाअनुसार सरुवा गरिएको संघीय मन्त्रालयले जनाएको छ । स्थानीय तहका लागि नियुक्ति भएका वा समायोजन रोजेका कर्मचारी प्रदेश वा संघ पठाउने गरिएको छैन । कर्मचारी माथिल्लो तहबाट तल्लो तहमा भने कर्मचारी पठाउने गरिएको छ । सरुवाका लागि लैजाने र छाड्ने दुवै स्थानीय तहले सहमति दिनुपर्ने नीति छ । मन्त्रालयले अब निवेदन दिने कर्मचारीको सरुवाका सम्बन्धमा भने कुनै निर्णय नहुने जनाएको छ ।

मन्त्रालयले भदौ पहिलो साता ४० उपसचिवको सरुवा गरेको थियो, जसमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत थिए । त्यति बेला खासगरी नगरपालिकाको प्रमुख कार्यकारी अधिकृतको सरुवा गरिएको थियो । बिहीबार सार्वजनिक गरिएको सूचीअनुसार ३८ जना प्रमुख प्रशासकीय अधिकृतको एकै पटक सरुवा गरिएको छ । स्थानीय तहकै लागि तोकेर पदपूर्ति गरिएका कर्मचारीलाई सरुवा गर्न नमिल्ने भए पनि मन्त्रालयले कार्यविधि बनाएर कामकाजमा खटाइएको व्यहोराको पत्र थमाउने गरेको छ । 'सरुवा गर्न नमिले पनि तत्कालका लागि कामकाजमा खटाइएको हो,' मन्त्रालयका एक अधिकारीले भने । उनका अनुसार सङ्घीय निजामती ऐन नबन्दा मन्त्रिपरिषद्बाट मापदण्ड स्वीकृत गराएर कामकाजमा खटाउने गरिएको छ ।

प्रमुख प्रतिपक्ष एमालेले निर्वाचनलाई प्रभाव पार्ने नियतले सरकारले कर्मचारी सरुवा गरेको आरोप लगाएको छ । एमाले संसदीय दलका प्रमुख सचेतक विशाल भट्टराईले प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत छानीछानी सरकार सरुवा गरेको बताए । बुधबार प्रतिनिधिसभामा उनले भने, 'आमनिर्वाचनलाई प्रभाव पार्ने गरी सरकारले आफ्नो पार्टीको झन्डा बोक्नेलाई जिल्ला पठाएको छ ।' सरकारले काठमाडौं, ललितपुर, कास्की, दैलेख, पाँचथर, उदयपुर, संखुवासभा, सप्तरी, जुम्लालगायतका जिल्लामा प्रमुख जिल्ला अधिकारीको सरुवा गरेको छ ।

### थापालाई राष्ट्रिय अनुसन्धान विभागको जिम्मेवारी



काठमाडौं । सरकारले राष्ट्रिय अनुसन्धान विभागको प्रमुख (मुख्य अनुसन्धान निर्देशक) मा हुतराज थापालाई बढुवा गरेको छ । मन्त्रिपरिषद् बैठकले सोमबार एआईजीसरहको अतिरिक्त मुख्य अनुसन्धान निर्देशक थापालाई मुख्य अनुसन्धान निर्देशक (आईजीसरह) मा बढुवा गरेको हो ।

विभागका प्रमुख यदुलाल खरेल ५८ वर्षे उमेर हदका कारण मंगलबारबाट अनिवार्य अवकाशमा जाने भएपछि रिक्त स्थानमा थापालाई बढुवा गरिएको हो । उनी विभागका दुई अतिरिक्त मुख्य अनुसन्धान निर्देशकमध्ये पहिलो वरियतामा थिए । विभाग प्रमुख बन्न अर्का एआईजी ओम जोशी पनि प्रतिस्पर्धामा थिए तर सरकारले पहिलो वरीयताका थापालाई नै प्रमुखमा बढुवा गरेको हो । बढुवासँगै थापा अबको ३ वर्ष नेतृत्वमा रहनेछन् । रोल्पा स्थायी घर भएका ५२ वर्षीय थापाले २०५३ मा शाखा अधिकृतसरहको पदबाट सेवा प्रवेश गरेका थिए । उनी गत साउन ३० मा मात्रै एआईजीमा बढुवा भएका थिए ।

### साङ्केतिक महोत्सव हुने

काठमाडौं । दसैंको अवसरमा काठमाण्डौंको दशरथ रङ्गशालामा साङ्गेतिक महोत्सव 'दसैं फेस्ट' हुने भएको छ । असोज १५ मा सुरु हुने महोत्सवमा दी एज ब्यान्ड, नितेशजंग कुँवर, वर्तिका एम राई, लाउरे, स्वप्न सुमन, भेक, यावेश, त्रिशाला गुरुङ, शुवानी मोक्तान, दी इलेमेन्टस ब्यान्ड लगायतले प्रस्तुति दिनेछन् ।

दसैं महोत्सवको टिकटक कन्टेस्टमा भाग लिएर १० जनाले पोखरा रिसोर्ट प्याकेज, विभिन्न रेस्टुरेन्टमा डिनर प्याकेज, भिआइपी एक्सेस लगायतका पुरस्कारहरू पाउने आयोजकले बताएको छ ।

लामो समयदेखि नेपालका प्राय सबै सहरहरूमा विभिन्न कन्सर्ट, सडक महोत्सव जस्ता कार्यक्रमहरूको आयोजना गर्दै आइरहेको



पार्टी नेपाल, आर्बीट्री ग्रुप, केटीएम लाइभ तथा अपट्रेण्डली मिडियाको संयुक्त आयोजनामा महोत्सव हुने भएको हो ।

### अवैध संरचना ध्वस्त

काठमाडौं । काठमाडौं महानगरपालिकाले एकै दिन ४० बढी अवैध संरचना भत्काएको छ । अवैध रुपमा निर्माण भएका संरचना भत्काउन कामपाले गत साउन १ गते दिएको ३५ दिने सूचनाको बेवास्ता गरेपछि यही भदौ ६ गतेदेखि त्यस्ता संरचनालाई डोजर लगाएर भत्काउन सुरु गरेको हो ।

उक्त कार्यअन्तर्गत गुम्बा भन्ने स्थानमा रहेको खोलालाई मिचेर बनाइएका केही टहरा र २० सटर भत्काइएको छ । सडक मिचेर निर्माण गरिएका पर्खाल, माछापोखरी चोकमा फुटपाथ प्रयोग गरी निर्माण गरिएको फलामको भऱ्याङ र खुसिबुँमा पनि अवैध रुपमा निर्माण गरिएको टहरा भत्काइएको कामपा नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए ।

प्रेरक

## साँचो खुसी



एकपटक अलेक्जेन्डर सिकन्दर आफ्ना सेनापतिसित रिसाए । सेनापतिले आफूलाई विगतमा लगाएका गुन र गरेको सेवाका कारण सिकन्दर उनलाई बर्खास्त गर्न पनि सक्दैनथे । साथै, उनी उनलाई यथावत् सेनापतिको पदमा राखिरहन पनि सक्दैनथे । त्यसैले, सिकन्दरले सजायस्वरूप उनलाई सुबेदार पदमा घटुवा गराइदिए ।

सिकन्दरले सोचेका थिए, सेनापति हुँदा पाएको मान, सम्मान सम्झेर यो एक दिन गिडगिडाउँदै आउँछ र आफूलाई पुनः सेनापति बनाइदिन अनुनय विनय गर्नेछ । सेनापतिको घटुवा भएको महिनौँ बित्यो, तर उनी कहिल्यै दुःखी पनि देखिएनन् र आफूलाई पुनः सेनापति बनाइदिने अनुनय लिएर सिकन्दरको अगाडि आउँदा पनि आएनन् । त्यसैले, एक दिन सिकन्दरले नै उनलाई बोलाउन पठाए ।

एक सिपाहीले उनलाई बोलाएर ल्याए । सुबेदारलाई आफूनजिकै बस्न आदेश दिएपछि सिकन्दरले सोधे- तिमी त घटुवा भएपछि पो बढ्ता खुसी देखिएका छौ । सेनापतिबाट सुबेदारमा झर्दा तिमीलाई कुनै दुःख लागेन ?

सुबेदारले जवाफ दिए- मलाई किन दुःख लाग्नु सरकार ? म सेनापति हुँदा मेरो पदको डरले गर्दा पनि तल्लो तहका सिपाहीहरू नजिक पर्दैनथे । मसित बोल्दैनथे । तर, अहिले सुबेदार भएपछि उनीहरू मकहाँ आउँछन् । दुःखसुखका कुराकानी गर्छन् । जसले मलाई असाध्यै खुसी दिन्छ । रह्यो कुरो पदको, एउटा सिपाही जुन पदमा रहे पनि गर्ने त देशको रक्षा नै हो । म हिजो सेनापति हुँदा पनि देशकै रक्षा गरिरहेको थिएँ । आज सुबेदार हुँदा पनि देशकै रक्षा गर्न पाइरहेको छु ।

देशको रक्षाभन्दा ठूलो र साँचो खुसी अर्को के हुन सक्छ र म दुःखी हुनु सरकार ? सुबेदारका कुरा सुनेर सिकन्दरलाई आफ्नो गल्ती महसुस भयो । उनले आफ्नो गल्ती स्वीकार गर्दै ती सुबेदारलाई पुनः सेनापति नै बनाए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ । मनग्य धन आर्जन होला । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने अवसर प्राप्त हुनेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । सोचेको काम पूरा हुनेछन् ।

### वृष

अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । अरूको करकापमा परेर इच्छाविपरीत काम गर्नुपर्ला । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । उधारोमा व्यापार गर्नुपर्ला । समय दिन नसक्दा अध्ययनमा पछि परिनेछ । आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । प्रयत्न गर्दा यात्राको प्रक्रिया अघि बढ्नेछ । स्वास्थ्यको खाल गर्नुपर्ला ।

### मिथुन

प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ । व्यापारमा अड्किएको रकम उठ्नेछ । भविष्यका लागि केही लगानी बढाउन सकिनेछ । तर अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । आंशिक फाइदा भए पनि काम पूरा गर्न अनुमानभन्दा बढी लगानी र समय लाग्नेछ । लाभांश अरूका लागि खर्चनुपर्ला । सरसापटमा पनि रकम बाहिरिन सक्छ ।

### कर्कट

जिम्मेवारी आए पनि उपलब्धिका लागि समय लाग्नेछ । चुनौतीभित्र अवसर खोज्ने समय छ । मिहिनेतले उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । भविष्यका लागि काममा जग बसाउने मौका छ । आँटले दिगो फाइदा उठाउन सकिनेछ । सामाजिक दायित्व बढ्नेछ । तर आशा देखाउनेहरूको भर पर्दा पछि परिनेछ । मनोरञ्जनमा ध्यान जानेछ ।

### सिंह

अरूको सहयोगमा जुट्नुपरे पनि आफैंलाई फाइदा हुनेछ । समाजमा तारिफयोग्य काम सम्पादन हुनेछ । मेहनतले राम्रै उपलब्धि दिलाउनेछ । रोकिएका काम समेत सम्पादन हुनेछन् । कर्मयोगले विशेष जिम्मेवारी दिलाउन सक्छ । सानो प्रयत्नले धेरैको भलाइ हुने काम शुभारम्भ हुन सक्छ । तर मेहनतको केही प्रतिफल अरूको हातमा पुग्न सक्छ, सजग रहनुहोला । सोचेका काम पूरा होलान् ।

### कन्या

काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । दिनभर दौडधुप गर्नुपरे पनि काम अधुरो रहला । पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला । स्वास्थ्यमा कमजोरी देखापर्नुका साथै उपचारमा खर्च हुने योग छ । महत्वपूर्ण समय घरेलु समस्यामै अल्झनुपर्ला । हुलमुलमा धनमाल हराउन सक्छ, सचेत रहनुहोला । यात्राको सम्भावना छ ।

### तुला

दिन मनोरञ्जनपूर्ण रहनेछ । आतिथ्यपूर्ण सम्मानका साथ मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायका लागि यात्रा सम्भावना छ । सोख पूरा हुनुका साथै प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ । नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ । सुमधुर प्रेम वा दाम्पत्यले प्रफुल्लित भइनेछ । आम्दानी प्रशस्तै बढ्नेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ । मिष्ठान्न भोजन मिल्नेछ ।

### वृश्चिक

आलस्य गर्ने बानीले समस्या निम्त्याए पनि मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ । सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ । मेहनतका साथसाथै गोपनीयतामा ध्यान पुर्याउनुहोला ।

### धनु

सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्न सक्छ । मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला ।

### मकर

हतारको निर्णयले काम बिग्रन सक्छ । रोकिएका घरेलु कामकाज बिस्तारै बन्नेछन् । दिगो योजना गोप्य राखेर अघि बढ्नुहोला । परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ । मेहनत गर्दा अध्ययनमा पनि प्रगति हुने समय छ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुनेछ । मित्र तथा आफन्तबाट सहयोग मिल्नेछ ।

### कुम्भ

आफ्नाले सहयोग नगर्दा काम बिग्रने डरले सताइरहनेछ । मेहनतको फल अरूलाई सुम्पनुपर्ने स्थिति आउन सक्छ । ईर्ष्यालु मन भएकाहरूले सताउलान् । प्रतीक्षित नतिजा कमजोर देखिए पनि दोहोर्याएर प्रयत्न गर्दा काम बन्न सक्छ । कृषिक्षेत्रमा भने अलि बढी परिश्रम र लगानी गर्नुपर्ला । व्यापार-व्यवसायमा थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ ।

### मीन

मेहनतले सम्मानित स्थान समेत दिलाउनेछ । मान-सम्मान प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने चिताएको काम समेत सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । सबैतिरबाट सफलतै सफलता मिल्नेछ ।

# "पाँचौ एटिए एभरेष्ट ग्लोबल नेपाली फिल्म अवार्ड" अमेरिकाको डेनभर कोलोराडोमा हुने




काठमाडौं । 'आफ्नै नाम, आफ्नै शान, आफ्नै पहिचान, गाउँदेखि विश्वसम्म' भन्ने नारासहित सन् २०१६ बाट सुरु भएको 'ग्लोबल नेपाली फिल्म अवार्ड' को पाँचौ संस्करण अमेरिकाको डेनभर कोलोराडोमा आयोजना हुने भएको छ । नेपाल अमेरिका सम्बन्धको ७५ औं बार्षिकोत्सबको उपलक्ष्यमा सन् २०२२ अक्टोबर १३,१४ र १५ तारिखमा अवार्ड आयोजना हुने जानकारी 'पाँचौ एटिए एभरेष्ट ग्लोबल नेपाली फिल्म अवार्ड' का अध्यक्ष नबराज श्रेष्ठले गराएका छन् । अवार्ड कार्यक्रममा १३ र १४ तारिख नेपाली चलचित्रलाई विश्वसामु परिचित गराउने उदेश्यले फिल्म फेस्टिवल हुने तथा १४ तारिखमा अमेरिकामा नेपाली चलचित्रको सम्भावनाको बारेमा अन्तरक्रिया कार्यक्रम र १५ तारिखका दिन अवार्ड वितरण कार्यक्रम हुने अध्यक्ष श्रेष्ठले जानकारी गराएका छन् । एटिए एभरेष्ट इन्स्योरेन्सको मुख्य प्रयोजन र सुनिल पाठक एजेण्ट अल स्टेट इन्स्योरेन्स कम्पनिको सह प्रयोजनमा नेपाल फिल्म सोसाइटी, ग्लोबल नेपाली फिल्म अवार्ड, गोल्डेन स्टेट मुभी मेकर र ८८४८ मिडिया हाउस एल एल सीले संयुक्त रुपमा 'पाँचौ ग्लोबल नेपाली फिल्म अवार्ड' आयोजना गर्न लागेका हुन् । अवार्डका अघिल्ला चार संस्करण कोलोराडो र सनफ्रान्सिस्कोमा भएका थिए ।

कोरोना महामारीका कारण सन् २०२० र २०२१ मा अवार्ड आयोजना हुन सकेन । अवार्ड कार्यक्रममा नेपाली फिल्म र फिल्मकर्मीलाई सम्मानसहित अमेरिकामा रहेका नेपाली चलचित्रकर्मीलाई प्रोत्साहन समेत गरिने नेपाल फिल्म सोसाइटीका अध्यक्ष कृष्ण मल्लले जानकारी गराएका छन् ।

नेपाललाई विदेशी चलचित्रकर्मीमाझ फिल्म सुटिङको सुन्दर गन्तव्यको रुपमा चिनाउन पनि यसले मद्दत गर्ने गोल्डेन स्टेट मुभी मेकरका यज्ञलाल श्रेष्ठले बताएका छन् भने सकेसम्म हलिउड फिल्ममेकरलाई नेपालमा निम्ताएर कार्यक्रम सञ्चालन गर्ने उद्देश्य रहेको पनि श्रेष्ठले जानकारी गराए ।

अवार्ड कार्यक्रममा भुटानी चलचित्रहरूलाइ समेत समाबेश गराउने अर्का आयोजक ८८४८ मिडिया हाउस एल एल सीका अध्यक्ष तथा निर्देशक नारायण पुरीले बताए । नेपालबाट गएका र अमेरिकामा बस्ने कलाकर्मीहरूको पूर्नमिलन गराउने र नेपाललाई विदेशीमाझ चलचित्र छायांकन गर्न सुन्दर ठाउँको रुपमा प्रचार गर्नु पनि अवार्डको उद्देश्य रहेको पुरीले जानकारी दिएका छन् । अवार्ड र फिल्म फेस्टिवलका लागि छनौट समिति गठन भईसकेको र चाडैंनै अवार्डको सम्पूर्ण जानकारी प्रेस बिज्ञप्ति मार्फत ल्याउने तथा नेपाल बाट अवार्ड कार्यक्रममा सहभागी हुने कलाकार तथा फिल्म फेस्टिवलमा समाबेस हुने चलचित्रहरूको जानकारी केहि दिनमा गराउने अवार्डका नेपाल संयोजक मदु कुमार श्रेष्ठले जानकारी गराएका छन् ।

## डेंगुले देशैभर महामारी

काठमाडौं । २।३ महिनायतादेखि डेंगु संक्रमण निरन्तर बढिरहेको छ । देशव्यापी रुपमा फैलिएको डेंगुले कतिपयको ज्यानै लिइसकेको छ । ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) को आइतबारसम्मको तथ्यांकअनुसार देशभर साउनदेखि हालसम्म ९ हजार ८३५ जनामा डेंगु संक्रमण भएको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहालले हालसम्म डेंगुबाट ७ जनाको मृत्यु भएको पुष्टि गरे । उनका अनुसार मृत्यु हनेमा ४ जना डेंगुकै जटिलताले मृत्यु भएको हो भने ३ जनामा भने डेंगुसँगै अरु रोगको पनि जटिलता थियो ।

सहरी क्षेत्रमा धेरैले कौसीखेती गर्ने भएकाले लामखुट्टे बढ्ने शंका गरिएको छ । कौसीखेतीमा बोटबिरुवा हुने ठाउँमा लामखुट्टेलाई लुक्न सजिलो हुन्छ । घरको झ्याल तथा ढोकामा जाली छैन भने ढोका खोल्दा साँझपख लामखुट्टे छिर्छ । यही लामखुट्टे कोठाको कुनातिर बस्छ र टोक्छ । साँझपख झ्यालढोका नखोल्ने, काम गर्दा पूरा बाहुला भएका लुगा लगाउने, कुनाकाप्चा राम्ररी सफा गर्ने, नचाहिने सामान कोठामा थुपारेर नराख्ने गर्दा लामखुट्टेको टोकाइबाट बच्न सकिने जनस्वास्थ्यविद्हरू बताउँछन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सूचना जारी गर्दै डेंगुबाट बच्न कर्मचारीलाई पूरा बाहुला भएको पोसाक लगाउन अनुरोध गरेको छ । मन्त्रालयले डेंगु प्रकोप न्यूनीकरणका लागि प्रदेश, जिल्ला र स्थानीय तहसँगको समन्वयमा रोग सार्ने लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियानलाई तीव्र बनाइएको जनाएको छ । मन्त्रालयले यही शनिबारदेखि बिहान १० बजे १० मिनेट घरभित्र र बाहिर डेंगु सार्ने लामखुट्टेको लार्भा रहे/नरहेको निरीक्षण गर्न अभियान चलाउने निर्णय गरेको छ ।

विज्ञहरूका अनुसार डेंगुको अझै २ महिना जोखिम छ । शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका रिसर्च युनिटका संयोजक तथा संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुन डेंगुको उत्कर्ष अझै केही समय रहने बताए । उनका अनुसार घरका सबै सदस्य नै डेंगु पुष्टि भइरहेका छन् ।

उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जिउ अत्यधिक दुख्ने लक्षण डेंगुका हुन् । गम्भीर प्रकृतिको डेंगु संक्रमण भएका बिरामीमा थकान महसुस हुने, गिँजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट खुट्टा सुनिने जस्ता लक्षण देखा पर्छन् । यस्ता लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गर्नुपर्ने चिकिसकहरू सुझाउँछन् । विशेषगरी साँझ-बिहानको समयमा सक्रिय हुने 'एडिज' प्रजातिको लामखुट्टेको टोकाइबाट डेंगुको संक्रमण फैलिने गर्छ । नेपालमा सन् २००४ मा पहिलो पटक डेंगु पुष्टि भएको थियो । सन् २००६, २०१०, २०१३, २०१६, २०१७ तथा २०१९ मा डेंगुका सबैभन्दा धेरै केस पुष्टि भएका थिए ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Flout = अवज्ञा गर्नु For flouting the curfew they were taken into custody कफ्'यू अवज्ञा गरेकोमा तिनीहरूलाई गिरफ्तार गरिएको थियो ।

Gusto = चाख । मजा मानेर He accepted the assignment with a such a gusto that he would not bargain for higher salary उसले मज्जा मानेर काम स्वीकार गरेको देख्दा धेरै तलव माग्ला जस्तो छैन ।

Hybrid = मिश्रित । खच्चर A mule is a hybrid of female donkey and mail horse खच्चर पोथी गधा र भाले घोडाको मिश्रणबाट विकास गरिएको जनावर हो ।

Implacable = चित्त बुझाउन, साम्य पार्न नसकिने His fury against his neighbour is implacable उसको छिमेकीप्रतिको रिस साम्य पार्न नसकिने खालको छ ।

Juncture = समस्याग्रस्त वा जटिल परिस्थिति At such a critical juncture every one has to be self controlled यस्तो चिन्तापूर्ण परिस्थितिमा सबैले संयम धारणा गर्नुपर्दछ ।

Knit = खुम्चनु वा गाँठो पर्नु, जोडिनु Whenever he worries his brow knits in a frown जब जब ऊ चिन्ता गर्दछ उसका आँखिभौंहरू खुम्चन्छन् ।

Luster = चहक, चमक Brave deeds add luster to one's name बहादुरीले आफ्नै नाम चम्काउँछ ।

Misanthrope = मानव जातिलाई घृणा गर्ने Everyone considers him to be a misanthrope उसलाई हरेकले मानिसलाई घृणा गर्ने व्यक्तिको रुपमा चिन्छन ।

Nuptial = वैवाहिक People still like to have nuptial ceremony in a tradtioinal way अझै पनि मानिस वैवाहिक समारोह परम्परागत ढाँचामै गर्न रुचाउँछन् ।

Ovoid = अण्डाको जस्तो He has got a ovoid shape head उसको टाउको अण्डाकार छ ।

## Burn बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Burn something to a crisp = डढुञ्जेल पकाउनु Yesterday he burnt rice to a crisp हिजो उसले भात पूरै डढायो ।

Burn away = बलेर सकिनु As electricity went, the remaining candle also burnt away बिजुली गएको कारण बाँकी महिन बत्ति पनि बलेर सकियो ।

Burn down = निभ्दै जानु The room became cooler as the fire burnt down आगो निम्दै जाँदा कोठा झन चिसो हुँदै गयो ।

Burn something down= केही कुरा डढ्नु As he left gas on, it burnt down the milk totally उसले ग्यास खुलै छोडेको कारण पूरै दूध डढ्यो ।

Burn something off = पोलेर खुर्कनु First he burnt off the old coat, then he gave new coating to his door पुरानो रंगलाई पोलेर खुर्केपछि ढोकामा उसले नया रंग लगायो ।

Burn itself out = आफैं निभ्नु The fire burnt itself out before the fire brigad came दमकल आउनुअघि नै आगो आफैं निभ्यो ।

Burn something out = पक्डनु The high voltage burnt the transformer out उच्च भोल्टले ट्रान्सफर्मर पडकाइदियो ।

Burn somebody out = आगो लगाइ निकालीदिनु The local authority burnt out the whole illegal inhabitants स्थानीय सरकारले अवैध रुपमा बसेकाहरूको बस्तिमा आगो लगाइ निकालिदियो ।

Burn something to something = बलेर परिणत गर्नु Yesterday's big fire burnt the whole building to ash हिजोको ठूलो आगलागिले पुरै भवनलाई खरानीमा परिणत गरिदियो ।

Burn up = दन्काउनु He put oil to burn up the fire आगो दन्काउनुको लागि भनेर उसले तेल खन्याइदियो ।

### सुडोकु-अंक २७४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | | | | | |
| ७ | | | | | | ३ | | ९ |
| ३ | | ४ | | ६ | ५ | | | |
| | ७ | | | | | ९ | | ५ |
| ४ | | | ५ | ८ | ६ | | | २ |
| ५ | | २ | | | | | ३ | |
| | | | ४ | ७ | | २ | | ८ |
| ९ | | ६ | | | | | | ३ |
| | | | | ५ | | | | |

### अंक २७३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ३ | ४ | ७ | १ | ९ | ८ | ६ | २ |
| ७ | १ | ८ | ६ | ५ | २ | ९ | ३ | ४ |
| २ | ९ | ६ | ४ | ३ | ८ | १ | ५ | ७ |
| १ | २ | ७ | ९ | ६ | ३ | ५ | ४ | ८ |
| ६ | ८ | ३ | १ | ४ | ५ | २ | ७ | ९ |
| ४ | ५ | ९ | २ | ८ | ७ | ६ | १ | ३ |
| ९ | ७ | ५ | ३ | २ | ६ | ४ | ८ | १ |
| ८ | ४ | २ | ५ | ७ | १ | ३ | ९ | ६ |
| ३ | ६ | १ | ८ | ९ | ४ | ७ | २ | ५ |

सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# JUCHE IDEA AND THE DPRK TODAY

Over the past 70-odd years the forces hostile towards the Democratic People's Republic of Korea have imposed unprecedentedly harsh pressure, blackmail, sanctions and blockade against it in the field of politics, the economy, military affairs and diplomacy.

Challenges facing the DPRK for the last ten years were particularly severe and demanding; other countries could not have survived them even a day. However, the challenges could not stop the country's advance.

The secret about this is that the Korean people are thoroughly armed with the Juche idea which was created by President Kim Il Sung, founding father of the DPRK, and developed in depth by Comrade Kim Jong Il, Chairman of the DPRK National Defence Commission.

The Juche idea is the idea that the masses are the masters of the revolution and construction and have the strength to propel the revolution and construction; in other words, man is the master of his own destiny and has the strength to shape his own destiny.The DPRK defined the idea as its guiding principle and has applied it in its state building.

Today the Korean people are arming themselves more firmly with the Juche idea and invariably maintaining the principles of independence in politics, self-reliance in the economy and self-defence in national defence under the leadership of Kim Jong Un, President of the State Affairs.

The DPRK regards independence as its lifeblood. It works out all lines and policies in conformity with the demands and interests of its own people and its actual conditions, not following the other countries and their instructions.

The launch of Kwangmyongsong 3-2 satellite on December 12, 2012 was absolutely just in that it complied with the international law on the use of outer space for peaceful purposes.

However, some countries denounced the launch as the launch of a long-range missile and imposed international sanctions against the DPRK in an attempt to prevent it from growing stronger.

The DPRK categorically denounced and rejected the sanctions and took resolute measures against the challenges of the hostile forces.

This brought home to the international community the steadfast independent lines of the DPRK that it would not step back even an inch in its effort to achieve the prosperity of the nation and defend the supreme interest of the nation no matter who said what.

The DPRK is a country equipped with strong national defence capability which no one dares to defy.

This was well proved through the military parade held in Kim Il Sung Square in Pyongyang on April 25 this year in celebration of the 90th anniversary of the founding of the Korean People's Revolutionary Army.

The columns of the troops and mechanized units marched in fine array across the square, fully demonstrating the appearance of the country's armed forces which had developed into an invincible army, strong in terms of ideology, morality and military technology, while recording only victories and glory in its history by inheriting the traditions of anti-Japanese struggle.

What was worthy of particular note was the cutting-edge weapons which had been developed rapidly over the recent years. As is well known, the long-range cruise missiles, tactical guided missiles, anti-aircraft missiles, hypersonic missile *Hwasong-8*, SLBM, and ICBM *Hwasongpho-17* are weapons which have been successfully test-fired last year and this year.

It is nothing but a miracle that the DPRK has possessed, in a matter of a few years, all the absolute weapons which had been monopolized by the nuclear powers of the world and, with this as a springboard, developed ultramodern weapons of its own style.

It is not difficult to imagine that other state-of-the-art weapons will be developed at a faster rate.

The DPRK is a country in which the people-first principle is thoroughly embodied.

The people-first principle which the country regards as its political ideal and mode of politics is the principle of believing in the people as in heaven and making selfless, devoted efforts for the good of the people.

Even though it suffered from the extreme offensive by the hostile forces, successive natural disasters and global public health crisis over the recent years, it has never stopped the work of improving the living standards of the people.


Everything was in short supply, but it has built new streets including Ryomyong Street and Songhwa Street, bases for cultural and leisure activities including Munsu Water Park, Masikryong Ski Resort, and Yangdok Hot Spring Resort, and modern medical service bases including Ryugyong Dental Hospital and Ryugyong General Ophthalmic Hospital.

This year alone tens of thousands of dwelling houses, service facilities and public buildings are to be constructed in the capital city and provinces including the Hwasong area in Pyongyang, Komdok area which is a leading mineral producing base of the country, and Ryonpho Greenhouse Farm area. It is reported that their construction will greatly contribute to the living standards of the people.

This is a clear demonstration of the validity and vitality of the line of building a self-sufficient national economy the country has maintained for several decades. By applying the people-first principle, it is stabilizing its economy and consolidating the independent nature of the economy by its own efforts in the face of the sanctions and blockade by the hostile forces. The international community needs to ponder its politics based on this principle once again.

The DPRK is thoroughly embodying the idea of independence, peace and friendship in its external relations.

Upholding this ideal, it is vigorously conducting external activities, positively contributing to the security of the Korean peninsula and northeast Asia as well as world peace. It is also strengthening unity and solidarity with the socialist countries and further developing the relations of friendship and cooperation with all the countries that are friendly to it on the principle of equality and mutual benefit.




Songhwa Street




Okryu Children's Hospital






Samjiyon renovated into a modern mountain city


## DPR of Korea Happy Children



The respected Comrade Kim Jong Un wishing children a happy new year (January 2015)



The respected Comrade Kim Jong Un playing at doctors with children (July 2012)



The respected Comrade Kim Jong Un posing for a photograph with children at the People's Open-air Ice Rink (November 2012)



The respected Comrade Kim Jong Un posing for a photograph with children (May 2012)



A regular medical checkup




Children playing intellectual games



School things given to children gratis



Children learning to their heart's content and growing up cheerfully with nothing to envy





## श्राद्ध...

पनि भनेको छ । तर, चाडपर्व मनाउनुका चित्तबुझ्दा कारणहरू हाम्रा पौराणिक ग्रन्थमा नभएका हुन् या भएर पनि अहिलेका पण्डितहरूले व्याख्या गर्न नसकेका हुन् ? हाम्रो समाजको नयाँ पुस्ता अन्योलमा छ । उदाहरणका लागि वर्षको दुईपटक गरिने पितृ श्राद्धलाई लिन सकिन्छ । मरिसकेका मान्छे पिण्ड खान कसरी आउँछन् ? नयाँ पुस्ताले प्रश्न गर्नु स्वभाविकै हो । श्राद्ध गराउने पण्डित जसरी हुन्छ बढी बढी दान दक्षिणा गराउन 'तिमीले गरेको दान पितृले पाउँछन्' भनेर हौस्याइरहेका हुन्छन् । तर, श्राद्धको कारण बताउँदैनन् । यस्तो प्रवृत्तिले पनि श्राद्ध कर्मप्रतिको आस्था नयाँ पुस्तामा हराउँदै गएको छ ।

आफ्ना सन्तानले गरेको पिण्डदान पितृ कहाँ पुग्छ वा पुग्दैन ? यो बहसलाई यहीँ थाति राखौँ तर जसले आफूलाई सृष्टि गरेको छ, जसको सम्पत्ति आफूले उपभोग गरिएको छ त्यसलाई सम्झनु सन्तानको कर्तव्य हो । आफ्नो सृष्टिदाता तथा अन्नदातालाई सम्झने चेष्टा जसले गर्दैन उसले आफ्नो अन्य दायित्व तथा जिम्मेवारी पनि पूरा गर्न सक्दैन । श्राद्ध भनेको एकप्रकारको आत्मानुशासन पनि हो । श्राद्धमा आफ्ना बाबुतर्फका तीन पुस्तासम्म माथिकालाई र आमातर्फका चार पुस्तासम्म माथिका पितृलाई पिण्डदान गर्ने प्रचलन छ ।

यो प्रचलनले अरू केही नभए पनि माथिल्लो पुस्ताका व्यक्तिहरूको नाम अभिलेखीकरण गर्न मद्दत पुऱ्याएको छ । यही अभिलेखका आधारमा यतिवेला हरेक थर गोत्रियारहरूले आफ्नो वंशावली निकालिरहेका छन् । बुबातर्फका तीन पुस्तासम्मकालाई स्मरण गरे पुग्ने आमातर्फका भने चार पुस्तामाथिकालाई स्मरण गर्नुपर्ने परम्पराका कारण पनि हाम्रो संस्कारले मातृशक्तिलाई महत्व दिएको देखिन्छ । तर, छोरीले श्राद्ध गर्न नमिल्ने परिपाटी पण्डितहरूले बसाले । छोराले दिएको पितृले पाउने र छोरीले दिएको किन नपाउने ? भन्ने प्रश्न आजको वैज्ञानिक युगको पुस्ताले अवश्य पनि गर्छ । त्यसकारण श्राद्ध भनेको अन्धविश्वासको एउटा जीवन्त निरन्तरता हो कि ? भन्ने विषयमा पनि बहस जारी छ ।

तर, हामीले सम्झनुपर्ने पाटो के हो भने वैज्ञानिक कारण देखिएन भन्दै संस्कारहरू त्यागनुको सट्टा यी संस्कारहरूका वैज्ञानिक कारण खोज्नतर्फ वा हामीले खोज्न नसके भविष्यको पुस्ताले खोज्ला कि ? भनेर प्रतीक्षा गर्नुपर्छ । अरू केही गर्न नसके पनि जोगाइदिन त हामीले सक्छौं, नि । सनातनीहरूको मूल ग्रन्थ हजारहजारौं वर्ष आयु हुनेले हजारौं वर्ष लगाएर अनुसन्धान गरी हजारौं वर्षअघि लेखिएको मान्यता छ ।

वेदका कतिपय कुराहरू पुराणले प्रमाणित गर्न नसके पनि विज्ञानले प्रमाणित गरिसकेको छ । उदाहरणका लागि पानीबाट आगो निस्कन्छ भन्ने वेदको वाक्यलाई पुराणले घोक्न मात्रै लगायो तर विज्ञानले पानीबाट बिजुली निकालेर प्रमाणित गरिदियो । तसर्थ, ५० वर्ष मुस्किलले सक्रिय जीवन बाँच्न सक्ने हामीलाई हाम्रा संस्कार अन्धविश्वास हो भन्ने हैसियत छैन । वास्तविकता के हो भन्ने कुरा लामो समयको अनुसन्धान नगरी बताउन सकिन्न । उदाहरणका लागि वेदले हामी जहाँ छौँ त्यो लोकलाई मर्त्यलोक भनेको छ । यसभन्दा पर पितृलोक छ, पितृलोकभन्दा पर स्वर्गलोक छ, स्वर्गलोकभन्दा पर तपलोक छ, तपलोकभन्दा पर अर्को लोक छ भन्दैभन्दै दर्जनौं लोकको व्याख्या गरेको छ । यो व्याख्यालाई अहिलेका वैज्ञानिकहरूले खोजी गर्दै गएका छन् र त्यसको नजिक पनि पुगिसकेका छन् ।

पृथ्वी रहेको सौर्यमण्डलबाहेक पनि अनेक सौर्यमण्डल छन् भन्ने कुरा वैज्ञानिकहरूले पत्ता लगाइसके । वेदले लोक भन्यो विज्ञानले सौर्यमण्डल भनेको छ । फरक यही हो । वेदलाई आधार मानेर रचना गरिएका पुराणमा पृथ्वीलोकमा एक वर्षको समय पितृलोकमा एक दिनको समय हुन्छ, भनिएको छ । पृथ्वीको एक वर्ष पृथ्वीबाट सबैभन्दा नजिक रहेको अर्को सौर्यमण्डलमा एक दिन हुन्छ भनेर विज्ञानले पुष्टि गरेको छ । वर्षको एकपटक अर्थात् आश्विन कृष्ण पक्षका १६ दिन पितृलोक पृथ्वीको सबैभन्दा नजिक आउँछ र त्यसवेला पितृहरूले आफ्ना सन्ततिका गतिविधि नियालिरहेका हुन्छन् भन्ने हाम्रो धार्मिक मान्यता छ ।

विज्ञानले पनि सौर्यमण्डलहरूमा रहेका ग्रहहरूको गतिका कारण दुरी पनि कहिले नजिक र कहिले टाढा हुने कुरा प्रमाणित गरिसकेको छ । शरीर नाश भए पनि आत्मा नाश हुँदैन, प्रकाशको भन्दा छिटो गतिमा अर्थात् शरीर नाश भएको एक वर्षमा आत्मा पितृलोकमा पुगिसक्छ भन्ने हाम्रो मान्यता छ ।अहिले वैज्ञानिकहरू पनि अर्को सौर्यमण्डलमा पुग्नका लागि प्रकाशको गतिभन्दा छिटो पुग्नसक्ने यन्त्रको आविष्कारमा जुटिरहेका छन् । त्यसैले, हाम्रा संस्कृति तथा परम्पराका सुरुआतका पछाडि निश्चित कारण छन् । कारणविना कर्म हुँदैन । तर, हामीले हाम्रा संस्कारका वैज्ञानिक पक्ष भुल्दै गयौं कि ? गलत परम्परालाई त्यागने नाममा असल संस्कृति धरापमा नपरोस् भन्नेतर्फ सोच्नु जरुरी छ । हाम्रा संस्कृतिमाथि प्रश्न उठ्नुमा जो रक्षक उही भक्षक भएर त होइन ? भन्नेतर्फ पनि समीक्षा गर्नु जरुरी छ । अनुसन्धानद्वारा नयाँ आविष्कार गर्नसक्ने क्षमता भएकालाई हामी ऋषि भन्छौं, पश्चिमाहरू रिसर्चर भन्छन् । ऋषि शब्दबाट रिसर्चर भएको हो भन्ने बुझ्न गाह्रो छैन । यो क्षमता भएकाहरूलाई कालान्तरमा हाम्रो समाजमा ब्राह्मण भन्न थालियो । तर, कालान्तरमा ब्राह्मण शब्द कुनै जात विशेषका रूपमा प्रयोग हुन थाल्यो । ज्ञान नभए पनि वंशको आधारमा ब्राह्मण भन्न थालियो । वर्तमान समाजको नयाँ पुस्ताले उठाएको मुख्य प्रश्न भनेकै यही हो ।

## सार्वजनिक...

अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नसा लिने वा सेवन गर्ने कार्य निषेध गरिएको छ ।' सार्वजनिक स्थलमा धुमपान गरे सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ समेतका आधारमा कानुन उल्लंघन गर्ने व्यक्तिलाई सार्वजनिक स्थलवाट बाहिर निकाल्ने वा तोकिएबमोजिमको जरिबाना गर्ने महानगरले चेतावनी दिएको छ ।

## पाकिस्तानी...

पाकिस्तानको 'दुनिया न्युज'का अनुसार रउफका भाइ ताहिर रउफले यो खबरको पुष्टि गरेका हुन् । असद रउफ न् २००६ मा आईसीसीको एलिट प्यानलमा परेका थिए । त्यसपछि उनले ४७ टेस्ट, ९८ एकदिवसीय र २३ टी-२० खेलमा अम्पायरिङ गरेका थिए । उनको अम्पायर करियर सन् १९९८ मा सुरु भएको थियो । सन् २००० मा भारत र पाकिस्तानबीचको एकदिवसीय खेलबाट उनले अन्तर्राष्ट्रिय स्तरमा अम्पायरिङको दुनियाँमा डेब्यु गरेका थिए । रउफ आईपीएलमा पनि देखा परेका थिए तर २०१३ मा स्पट फिक्सिङको आरोप लागे पछि उनको करियर यहीँ समाप्त भयो । अम्पायरिङमा प्रतिबन्ध लगाइएपछि असद रउफ विगत केही वर्षदेखि लाहोरमा पसल चलाएर जीवन बिताइरहेका थिए । उनको जुत्ता र कपडाको पसल थियो । बीबीसी

## खुल्यो...

जानकारी दिनुभयो । चिनियाँ पक्षबाट आएको सन्देशमा कोरोना महामारीको संक्रमणका कारण बन्द गर्नु परेको व्यापारिक नाका संक्रमण कम भएसँगै खुला गरिएको उल्लेख गरिएको छ । साथै उक्त सन्देशमा बिहीबार चीनबाट नेपाली सामान बोकेका कन्टेनर नेपाल पठाइनेसमेत उल्लेख गरिएको पौडेलले जानकारी दिनुभयो ।

सिन्धुपाल्चोकको तातोपानी नाका पनि एकतर्फी खुला भएको छ। चीनबाट नेपाली सामान बोकेका ११ वटा कन्टेनर दैनिक नेपालतर्फ आइरहेको प्रमुख जिल्ला अधिकारी वेदनिधि खनालले जानकारी दिनुभयो । नेपाली पक्षले दुईतर्फी रूपमा सवारीसाधनको आवतजावत खुला हुनुपर्ने माग गर्दै आएको छ तर चीनियाँ पक्षले त्यसबारे कुनै प्रतिक्रिया नदिएको खनालले बताउनुभयो। दुवै नाका विगत तीन वर्षदेखि बन्द थिए ।

## विदेशी...

लगायत काम गर्न सम्झौता गरेको कुल ठेक्का रकम नै उक्त स्थायी संस्थापनको आय मानिने भएको छ । सो आयबाट सिर्जना भएको व्यावसायिक मुनाफामा आयकर ऐन अनुसार नेपालमा कर तिर्नुपर्छ ।

विभागका प्रवक्ता प्याकुरेलका अनुसार नेपालका बासिन्दा सबैले आफ्नो आयमा तोकिए अनुसारको आयकर तिर्नुपर्छ । अन्तर्राष्ट्रिय निर्माण तथा आपूर्तिकर्तालाई समेत नेपालमा सेवा दिने अवधिसम्म नेपालकै बासिन्दा मानेर आयकरको दायरामा ल्याउने निर्णय भएको हो ।

## पेट्रोलियम...

हाल ६९.२ किलोमिटरको पाइपलाइनबाट डिजलमात्रै आयात गरिरहेको निगमले पाइपलाइनलाई विस्तार गरेर चितवनसम्म लैजाने प्रक्रिया थालेको छ ।

२०३३ सालमा निर्माण भएको यो डिपो अहिले ६७ हजार ७ सय २४ वर्गमिटर क्षेत्रफलमा फैलिएको छ । यस डिपोमा १९ हजार ८ सय ४० किलोलिटर डिजेल, ३ हजार ४ सय ३० किलोलिटर पेट्रोल, ७ सय ६० किलोलिटर मट्टितेल भण्डारण गर्ने क्षमता रहेको छ । देशको २६ जिल्लामा आपूर्ति व्यवस्थापन गर्दै आएको डिपोसँग अहिले ४ सय २४ डिलर, २ सय ६४ ढुवानीकर्ता छन् ।

## साइकल...

छैन । यसैबीच अहिले काठमाडौंमा साइकल लेनको माग पनि तीव्र रुपमा उठिरहेको छ । खर्चको दृष्टिकोण र पर्यावरणीय दृष्टिकोणले उत्तम मानिने साइकल चढ्न काठमाडौं उपत्यकामा छुट्टै साइकल लेनको व्यवस्था छैन । गाडी र मोटर साइकलको भीड छिचोल्न साइकल यात्रुलाई कठिन हुने गरेको छ भने दुर्घटनाको जोखिम पनि उत्तिकै छ । पेट्रोलियमको बढ्दो मूल्यका कारण मुलुकको ढिकुटी पेट्रोलियम पदार्थ खरिद गर्दा रित्तिने गरेको छ । पेट्रोलियमबाट उत्सर्जन हुने धूवाँले पर्यावरणमा समेत गम्भीर असर पुऱ्याइरहेको छ । पर्यावरण, स्वास्थ्य र खर्चका दृष्टिकोणले साइकल सबैभन्दा उत्तम सवारी बन्न सक्छ ।

विश्वको धनी मुलुक मानिने चीनको सहर सांघाई साइकल अत्यधिक प्रयोग गर्ने सहरका रुपमा चिनिन्छ । हाम्रोजस्तो गरिब मुलुकका युवा भने महँगा मोटर साइकलमा हुइँकिने गरेका छन् । काठमाडौं उपत्यका साइकल चढ्नका लागि उपयुक्त भए पनि छुट्टै लेन नहुँदा साइकल सवार जोखिममा पर्ने गरेका छन् । साइकल लेन निर्माणको पहल युवा मेयर बालेन साहले गर्न आवश्यक छ । मोटरसाइकलमा पेट्रोल हाल्न नसक्ने अवस्था सिर्जना भइसकेकाले कलेज जाने युवालाई साइकल चढ्न प्रोत्साहित गर्नुपर्छ । त्यसैगरी कार्यालय आउजाउ गर्ने कर्मचारीदेखि फेक्ट्री मजदुरसम्मलाई साइकल भरपर्दो सवारी साधन बन्न सक्छ । यसतर्फ महानगरले अल्पकालीन र दीर्घकालीन योजना ल्याउन आवश्यक छ ।

## सीमा...

पनि सार्वभौमसत्ता र स्वतन्त्रतामा दुवै बराबरी हुन् । अझ कसैको पराधीन भएको नेपालको इतिहास छैन । भारतलाई त बेलायती साम्राज्यले १८९ वर्षसम्म आफ्नो उपनिवेश बनाएको थियो । सन् १९४७ अघि भारत भन्ने देश नै थिएन । इस्ट इन्डिया कम्पनीको शासन थियो र भाइसरायले दैनिक प्रशासन चलाउँथे ।

भारतीयहरूले युद्ध गरेर अंग्रेजहरूलाई हराएर भगाएका होइन । दोस्रो विश्वयुद्धपछि भारतलाई उपनिवेश बनाइराख्न ब्रिटेनलाई गाह्रो भयो । भारतभित्र पनि ब्रिटिश विरोधी आन्दोलन चर्कित थाल्यो । ब्रिटेनले सन् १९४६ मै भारत छोड्ने तयारी सुरु गऱ्यो तर १९४७ मा भारतीय राष्ट्रिय कांग्रेसलाई सत्ता हस्तान्तरण गऱ्यो र जवाहरलाल नेहरू भारतका कार्यकारी प्रमुख बने । ब्रिटिसहरूले भारत छोड्दा उनीहरूले हडपेको नेपालको भूभाग फिर्ता गरेनन् न त नेपालका शासक मोहन शमशेरले नै फिर्ता मागे । नेहरूले पनि ब्रिटिस उपनिवेशवादकै नीतिलाई अख्तियार गरे । उनले मोहन शमशेरलाई राणा शासनको आयु लम्ब्याउन सहयोग गर्ने आश्वासन दिएर सन् १९५० मा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर गराए । यस सन्धिले नेपाललाई सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्रका रुपमा भारतले स्वीकार गऱ्यो तर व्यवहार भने त्यसअनुरुप गरेन । नेहरूदेखि नरेन्द्र मोदीसम्म आइपुग्दा नेपालप्रति भारतीय शासक वर्गको व्यवहार ठूल्दाइकै रुपमा रहँदै आएको छ ।


त्यसो त आफ्ना छिमेकहीहरूसँग भारतको सम्बन्ध सुमधुर छैन नै । पाकिस्तानसँग शत्रुतापूर्ण सम्बन्ध छ । भुटानलाई परोक्ष रुपमा नियन्त्रणमा लिएको छ । बंगलादेशसँग सीमा विवाद सल्टाएको भारत नेपालसँग सीमाबारे कुरा गर्न चाहँदैन । श्रीलंका, माल्दिभ्समा पनि भारतीय प्रभाव शून्य तहमा लगभग छ । तर भारतीय शासक वर्ग नेपालको आन्तरिक मामिलामा नै हस्तक्षेप गर्न पछि परेका छैनन् । नयाँ सांविधान निर्माणमा होस् या जलस्रोतमा या त सीमामा, भारतले हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आएको छ । पुराना सन्धि सम्झौताहरूलाई पुनरावलोकन गर्ने खारेज गर्ने, सीमा व्यवस्थापन गर्ने जस्ता विषय समेटिएको इपिजी प्रतिवेदन भारतले अहिलेसम्म बुझ्न मानेको छैन । यो भारतको ठूलो कूटनीतिक बेइमानी हो ।

दुवै देशका परराष्ट्र मन्त्रीस्तरीय बैठकमा भारत नेपालले उठाएको सीमा विवाद समाधानका विषयमा मौन बस्नुले अतिक्रमित नेपाली भूभाग ऊ छोड्ने मनस्थितिमा देखिँदैन भन्ने प्रस्ट हुन्छ । न त नेपालका शासकहरू नै सीमा विवादका विषयमा भारतसँग कुरा उठाउने हिम्मत गर्छन् । प्रधानमन्त्री देउवा दिल्ली गए, तर यो विषय उठाएनन् । बरु केपी ओली, प्रधानमन्त्री हुँदा कालापानी समेटिएको चुच्चे नक्सा जारी भएको थियो । ओलीलाई सर्वोच्चको परमादेशले बालकोट लघारेपछि कालापानी विषय नै ओझेलमा परेको छ । देउवा, माधव नेपाल, प्रचण्ड कोही पनि सीमा विवादबारे भारतसँग मुख खोल्न सक्दैनन् । किनकि यी सबै भारतपरस्त नेपाली लेण्डुपहरू हुन् ।

## मेयर...

अहिले एमालेले फुटपाथमा व्यापार गर्न पाउनुपर्ने माग राखेर शुरु गरेको छ । एमालेको जनवर्गीय संगठनको नामबाट बिहीबारबाट यसको सुरुवात गरेको छ । फुटपाथ व्यवसायीहरूले काठमाडौं महानगरपालिका घेराउ गरेका छन् । जिफन्ट निकट नेपाल स्वरोजगार श्रमिक व्यापार संघको अगुवाइमा फुटपाथ व्यवसायीहरूले महानगर घेराउ गरेका हुन् ।

फुटपाथ एवं साना व्यवसायीलाई विकल्प नदिई काठमाडौं महानगरले हटाएको भन्दै उनीहरले प्रदर्शन गर्दै महानगर घेराउ गरेका हुन् । साना व्यवसायीहरू सुन्धारामा जम्मा भएर भद्रकाली हुँदै महानगर कार्यालय पुगेका थिए । तर उनीहरूको संख्या भने अत्यन्तै न्यून देखिन्थ्यो ।


- राजनीतिलाई पेशा होइन राष्ट्र र जनताको मुहार फेर्ने सेवाको रूपमा स्थापित गरी आमगरिबी र निरक्षरताको निर्मूल गरौं ।
- देशबाट लिने होइन देशलाई दिन र दिलाउन सक्नेले मात्रै राजनीति गरौं ।
- राजनीतिमा हाम्रो मान्छे राम्रो होइन राम्रो, सादगी र सक्षम मान्छे हाम्रो हो भन्ने मान्यता स्थापित गरौं ।
- देशको भूराजनीतिक संवेदनशीलता, असंलग्नता र पंचशीलको मूल्य र मान्यता बुझ्ने नेपाल चिन्तनमा आधारित देशभक्त नेतृत्वलाई स्थापित गरौं ।
- पर्यावरणप्रेमी विकासलाई अघि बढाऔं, आउने पुस्ताको लागि पनि हिमाली क्षेत्र र माता पृथ्वीलाई सुरक्षित राखौं
- स्थानीय उत्पादन, पर्यटन र नविकरणीय ऊर्जाको प्रवर्द्धन गरी व्यापार घाटाको चंगुलबाट देशलाई मुक्त गरौं ।
- एक स्थानीयस्तर एक विशेष उत्पादनलाई यथार्थमा परिणत गरी देश भित्रै आमरोजगारीको सिर्जना गरौं ।
- निजामती, सैनिक, प्रहरी, शिक्षा, स्वास्थ्य लगायत सबै पेशागत सेवाहरूलाई राजनीतिबाट तटस्थ राख्दै दक्ष बनाऔं ।
- अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गर्ने प्रवृत्ति त्यागी दण्डहीनताको अन्त्य गरौं ।
- नेपाललाई बौद्ध र हिन्दुधर्मको मक्का मदिना र भेटिकन जस्तै अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रूपमा विकास गरौं ।
- राज्यले नागरिकलाई दिनुपर्ने सबै अत्यावश्यक सेवा प्रदायकको रूपमा स्थानीय सरकारलाई चुस्त र दुरुस्त बनाऔं ।
- प्रदेश खारेज गरी आधारभूत संघीयता प्रवर्द्धन गरौं ।
- नेपाललाई टिष्टा कांगडा सहितको विशाल शान्ति क्षेत्र बनाउने अभियानमा अघि बढौं ।

चुनाव चिन्ह



सुरेन्द्र ढकाल
उमेदवार, काठमाण्डौ
निर्वाचन क्षेत्र नं १
(नेकपा माले)